का.जि.प्र.का.द.नं. १००/०५९/६०

२६ माघ २०८१,
शनिबार
8 February, 2025
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



मनाङको चामे गाउँपालिका- २ थानचोक गाउँको पृष्ठभूमिमा देखिएको मनास्लु हिमालको दृश्य । यहाँ घले, गुरुङ जातिको बसोवास रहेको छ । तस्बिर : नवीन लामिछाने /रासस

# प्रहरी विधेयकमा प्रहरी नै असन्तुष्ट

**निमिष झा / मध्यान्ह**
काठमाडौं, २५ माघ ।

सरकाले १५ माघमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसम्बन्धी ऐनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसद् सचिवालयमा पेस गऱ्यो ।

गृहमन्त्री रमेश लेखकले पेस गरेको विधेयकमा शान्ति सुरक्षा, अमयनचयन र सुशासनका साथै पद बहालीसँगै आफूले प्रहरी संगठन समय सापेक्ष व्यवस्थित, सुदृढ र क्रियाशील बनाउने विषय प्राथमिकतामा राखिएको उल्लेख छ । तर, विधेयक पेस भएसँगै नेपाल प्रहरी र सशस्त्र प्रहरी दुवै संगठनमा असहमति र विरोधको स्वर पनि उठेको छ ।

प्रहरीका दुवै संगठनमा बरिष्ठ अधिकारीहरूले गृह मन्त्रालयले प्रहरी विधेयक दर्ता गराएसँगै त्यसले प्रहरीको अधिकार संकुचित गर्ने र सुरक्षा संगठनमाथि कर्मचारी संयन्त्र हावी हुने जनाएका छन् ।

विधेयक दर्ता भएपछि नेपाल प्रहरीका पूर्वप्रमुखहरूले प्रहरी महानिरीक्षकलाई भेटेर अहिलेको विधेयक जस्ताको त्यस्तै पारित भए त्यसले प्रहरी संगठनलाई कमजोर बनाउने र थप राजनीतिक हस्तक्षेप निम्त्याउने सुझाव दिएका हुन् ।

अहिले दर्ता भएको विधेयक संसद्का दुवै सदनबाट बहुमतले पारित भए कानुनको रूप लिने छ ।

प्रहरी ऐन, २०१२ मा व्यवस्था भएका कानुनी प्रावधानहरूलाई समय सापेक्ष परिमार्जन एवं संशोधन गरी नयाँ प्रहरी ऐन तर्जुमा गर्न तथा सर्वोच्च अदालतबाट प्रहरी कर्मचारीको सेवा शर्त सम्बन्धमा विभिन्न मितिमा भएका निर्देशनात्मक आदेश कार्यान्वयन गर्नुका साथै प्रहरी सेवालाई नेपालको संविधान तथा प्रचलित कानुन, लोकतन्त्र र कानुनी शासन र मानवअधिकारप्रति प्रतिबद्ध, लैंगिक संवेदनशील, जबाफदेही, उत्तरदायी, प्रभावकारी तथा व्यावसायिक बनाउन विधेयक संसद्मा पेस गरिएको गृह मन्त्रालयको भनाइ छ ।

त्यसैगरी सशस्त्र प्रहरी ऐन, २०५८ मा व्यवस्था भएका कानुनी प्रावधानहरूलाई समय सापेक्ष परिमार्जन एवं संशोधन गरी नयाँ सशस्त्र प्रहरी ऐन तर्जुमा गर्न तथा सर्वोच्च अदालतबाट सशस्त्र प्रहरी कर्मचारीको सेवा शर्त सम्बन्धमा आदेश कार्यान्वयन गर्नुका साथै सशस्त्र प्रहरी सेवालाई नेपालको संविधान, प्रचलित कानुन तथा मानवअधिकारप्रति प्रतिबद्ध, व्यावसायिक र प्रभावकारी बनाउँदै शान्ति, सुरक्षा एवं सुव्यवस्था, विपद् व्यवस्थापन, सीमा सुरक्षा, सीमा अपराध नियन्त्रणलगायतका काममा परिचालन गर्नका लागि सशस्त्र प्रहरीसम्बन्धी कानुनी व्यवस्थालाई संशोधन तथा एकीकरण गर्न आवश्यक रहेकाले विधेयक संसद् सचिवालयमा दर्ता गरिएको गृह मन्त्रालयको कानुन महाशाखाका प्रमुख, सहसचिव भरतमणि रिजालले बताए ।



> राष्ट्रिय सुरक्षासँग जोडिएको गम्भीर मामलामा सरकारले हल्का ढंगले कहिले सशस्त्र प्रहरीलाई चलाउने त कहिले प्रहरीलाई खेलाउने काम गरिरहेको छ
>
> **सुरेन्द्रबहादुर शाह**
> **पूर्वएआईजी**
> **नेपाल प्रहरी**

उनका अनुसार नेपाल प्रहरी ऐन, २०१२ र सशस्त्र प्रहरी ऐन, २०५८ संशोधनपश्चात् नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई थप सुदृढ र कार्य संचालनमा सहज हुने अपेक्षा गरिएको छ । प्रस्तावित विधेयकले ऐनको हैसियत प्राप्त गरेपछि दुवै प्रहरी संगठनको बृहत्तर हित हुने महाशाखा प्रमुख रिजालले जानकारी दिए ।

विधेयकमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको ३० वर्षे सेवा अवधि हटाइने, कार्यालय सहयोगी र प्रहरी जवानले १६ वर्षे सेवापछि अवकाश लिन पाउने, प्रहरी सहायक हवल्दारदेखि प्रहरी नायब निरीक्षकसम्मले १८ वर्षे सेवा अवधिपछि अवकाश लिन पाउनेलगायतका विषय समेटिएका छन् ।

त्यसैगरी प्रहरी महानिरीक्षकको उमेर हद ६० वर्ष र सेवा अवधि ३ वर्ष राखिएको छ भने प्रहरी अतिरिक्त महानिरीक्षकको उमेर हद ५९ वर्ष र सेवा अवधि ३ वर्ष राखिएको छ । '२०१२ सालमा बनेको प्रहरी ऐन ६९ >>> पृष्ठ २ मा

# बढ्दै मानवअधिकार उल्लंघन घट्दै कारबाही दर

न दोषी पहिचान भएकामाथि सरकारले कारबाही गर्न सकेको छ, न त पीडितलाई क्षतिपूर्ति दिलाउन । साढे ३०० बढी दोषी पहिचान भए । २८ करोड १३ लाख क्षतिपूर्ति भराउन सिफारिस गर्दा कार्यान्वयन ७ करोड बराबर मात्र छ



> गएको आर्थिक वर्षमा आयोगले कारबाही सिफारिस १३ दशमलव ६४ प्रतिशत कार्यान्वयन भएको थियो । तर, वर्तमान कार्यकालमा सिफारिस कार्यान्वयन शून्य छ । हाम्रो पालामा एउटा पनि सिफारिस कार्यान्वयन भएन
>
> **मिहीर ठाकुर**
> **सदस्य**
> **राष्ट्रिय मानवअधिकार आयोग**

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २५ माघ ।

१५ माघ २०८० मा राष्ट्रिय मानवअधिकार आयोगले ६० जनाको नाम सार्वजनिक गर्दै सरकार समक्ष कारबाहीको सिफारिस गऱ्यो ।

नेपाल प्रहरीतर्फ ३२ जना, सशस्त्र प्रहरी बलका १ जना, नेपाली सेनातर्फ ४ जना, राष्ट्रिय अनुसन्धानका १ जना कारबाहीको सिफारिसमा परेका थिए । निजामती कर्मचारीतर्फ १२ जना र १० जना राजनीतिक दलका नेताहरूमाथि भएको कारबाहीको सिफारिसको कार्यान्वयन शून्य छ ।

यही ४ माघमा प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा मानवअधिकार समितिको बैठकमा सांसदहरूले १ वर्ष अगाडिको उक्त सिफारिस कार्यान्वयको अवस्थाबारे जानकारी मागेका थिए । उक्त बैठकमा मानवअधिकार आयोगका अधिकारीहरू उपस्थित थिए ।

जबाफ दिन अगाडि सरे आयोगका सदस्य मिहीर ठाकुर । 'मानवअधिकार उल्लंघन बढ्दो छ । यस कारण आयोगमा उजुरीको संख्या पनि बढ्दो छ', ठाकुरले भने, 'कारबाहीको सिफारिस कार्यान्वयन दल घट्दो छ । चालू आर्थिक वर्षको कारबाही सिफारिस कार्यान्वयन प्रतिशत शून्य छ ।' गएको आर्थिक वर्षमा >>> पृष्ठ २ मा

# हल्लाले त्रसित बैंकिङ क्षेत्र

> नेपालका बैंक तथा वित्तीय क्षेत्र सबैभन्दा धेरै सुरक्षित हुँदासमेत अनर्गल प्रचारका कारण त्रसित हुनुपर्ने अवस्था आइरहेको सरोकारवालाहरु बताउँछन् ।



**छबि सापकोटा / मध्यान्ह**
काठमाडौं, २५ माघ ।

पछिल्लो समय देशको अर्थतन्त्रमा प्रत्यक्ष सरोकार राख्ने बैंकिङ क्षेत्रलाई स्वार्थ समूहले निरन्तर प्रहार गरिरहेका देखिन्छ । यसले सामान्य नागरिकमा बैंकिङ प्रणालीप्रति नकारात्मक धारणा र शंका गर्ने वातावरण बनाइरहेको देखिन्छ ।

केही वर्षयता नेपालको बैंकिङ क्षेत्रलाई विवादित बनाउने काम भइरहेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरूमाथि भ्रम सृजना गराउने काम मेडिकल व्यवसायी दुर्गा प्रसाईंले गरेका थिए । उनले बैंकको ऋण नतिर्नेदेखि कर्मचारीलाई नै कारबाही गर्ने भन्दै खुल्ला रूपमा बोल्दै हिंडेका थिए ।

केही दिनयता पाथीभरा केबलकार निर्माणविरुद्ध आन्दोलनमा उत्रिएको समूहले ग्लोबल आइएमई बैंकलाई निशाना बनाइरहेको छ । ग्लोबल बैंकका अध्यक्ष चन्द्र ढकाल भएकै कारण बैंकप्रति लक्षित गरेर भ्रम सृजना गर्ने काम सामाजिक संजालबाटै सुरु गरिएको छ ।

निश्चित समूहको निश्चित स्वार्थकै कारण सर्वसाधारणको लगानी भएको बैंकिङ क्षेत्रलाई विवाद ल्याउने कामले भइरहेको देखिन्छ । नेपालका बैंक तथा वित्तीय क्षेत्र सबैभन्दा धेरै सुरक्षित हुँदासमेत अनर्गल प्रचारका कारण त्रसित हुनुपर्ने अवस्था आइरहेको सरोकारवालाहरू बताउँछन् ।

तथ्यहीन हल्ला बढ्दै गएपछि नेपाल बैंकर्स संघ, डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपाल, नेपाल वित्तीय संस्था संघ र नेपाल लघुवित्त बैंकर्स संघले संयुक्त रूपमा बैंकिङ क्षेत्रमा त्रास फैलाउने, गलत अभिव्यक्ति दिने र ग्राहकलाई बैंकिङ सेवा प्रयोगबाट बञ्चित गराउने कार्य गर्नेप्रति कडा कानुनी कारबाही गर्न सरकारलाई आग्रह गरेका छन् ।

नेपालका बैंक तथा वित्तीय क्षेत्र सुरक्षित रहेका भन्दै संघहरूले बैंकिङ क्षेत्रमा भइरहेका केही अराजक गतिविधि र सामाजिक संजालमा फैलाइएका भ्रामक सूचनाप्रति गम्भीर ध्यानाकर्षण गराएका हुन् । नेपाल राष्ट्र बैंकको सूक्ष्म निगरानी तथा अन्तर्राष्ट्रिय बैंकिङ सिद्धान्तहरूको पालना गरिरहेका बैंक तथा वित्तीय संस्था सुरक्षित रहेका उनीहरूको दाबी छ । तर, वित्तीय संस्थामाथि निरन्तर प्रहारले भ्रम सृजना गर्ने काम भएको उनीहरूको >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# संघको निर्वाचन २ दलीय संयन्त्रमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ माघ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन सत्तारूढ दल नेकपा एमाले र नेपाली कांग्रेसले गठन गरेको २ दलीय राजनीतिक संयन्त्रमा प्रवेश गरेको छ । कांग्रेस र एमालेको सरकार गठन भएपछि सरकारलाई सफल र प्रभावकारी बनाउन भन्दै प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा ८ सदस्यीय संयन्त्र बनाइएको थियो ।

संयन्त्रको कार्यदलमा कांग्रेसका तर्फबाट उपसभापति पूर्णबहादुर खड्का, गृहमन्त्री रमेश लेखक, महामन्त्री गगनकुमार थापा, परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा गरी ४ जना र एमालेबाट बरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेल र उपमहासचिव विष्णु रिमाल गरी ४ जना सदस्य छन् ।

आगामी २ फागुनमा हुने संघको निर्वाचनमा उम्मेदवार तोक्ने विषयमा कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनमा देखिएको असमझदारी २ दलीय राजनीतिक संयन्त्रमा प्रवेश गरेको र संयन्त्रका सदस्यहरूले तत्कालका लागि निर्वाचन स्थगन गराउन आ-आफ्ना पार्टी प्रतिनिधिमार्फत छलफल चलाएको चर्चा छ । तर, शुक्रबार साँझ अबेरसम्म ठोस निर्णय भने भएको छैन ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले पनि चुनाव सार्ने पुष्टि गरेको छैन । संघका अध्यक्ष राजेन्द्र भण्डारीले २ फागुनका लागि तोकिएको निर्वाचनको मिति सार्न धेरैतिरबाट सुझाव आएको भन्दै शुक्रबार आफू कुलपूजाका लागि धादिङ गएका कारण चुनाव सार्ने विषयमा घटक >>> पृष्ठ २ मा

## ९३ कानुन व्यवसायी तथा मेलमिलापकर्ताले लिए शपथ

**काठमाडौं / मस–** वैदेशिक रोजगार कसुर मुद्दामा मेलमिलापकर्ताको जिम्मेवारी प्राप्त गरेका ९३ जना कानुन व्यवसायी तथा मेलमिलापकर्ताले शपथ लिएका छन् । वैदेशिक रोजगार न्यायाधीकरणले शुक्रबार आयोजना गरेको कार्यक्रममा न्यायाधीकरणका अध्यक्ष गोकर्ण डाँगीले उनीहरूलाई शपथ ग्रहण गराए ।

न्यायाधीकरणले गत १ पुसमा सोसम्बन्धी कसुर मुद्दामा मेलमिलापकर्ताका रूपमा काम गर्न सूचीकृत भएका कानुन व्यवसायी तथा मेलमिलापकर्ताको टुंगो लगाएको थियो । वैदेशिक >>> पृष्ठ २ मा

# १६ प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी खोसियो

**पूर्ण सार्की / मध्यान्ह**
डोल्पा, २५ माघ ।

हिमाली जिल्ला डोल्पाका ३ पालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी खोसिएको छ । काइके गाउँपालिका, त्रिपुरासुन्दरी नगरपालिका र जगदुल्ला गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी खोसिएको हो ।

डोल्पाको काइकेमा सम्झना पराजुलीले निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हालिरहेकी थिइन् । उनी नेपाल विविध सेवा अधिकृत स्तर छैटौं तहकी कर्मचारी हुन् । त्यस्तै, त्रिपुरासुन्दरीको निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मा सम्हालिरहेका हिराचन्द्र धरला नेपाल प्रशासन सेवा सामान्य प्रशासन समूह अधिकृत स्तर छैटौं तहका कर्मचारी हुन् । उपसचिव जगदीशचन्द्र नेपालीको सरुवा भएलगत्तै धरलाले निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मा सम्हालिरहेका थिए ।

जगदल्ला गाउँपालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मा सम्हालिरहेका केशवराज जैशी नेपाल प्रशासन सेवा सामान्य प्रशासन समुह सहायक स्तर पाँचौं तहका कर्मचारी हुन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शुक्रबार डोल्पाका ३ सहित १६ स्थानीय तहका कनिष्ठ निमित्त प्रमुख प्रशासकीय अधिकृतहरूको आर्थिक तथा प्रशासनिक अधिकार खोस्ने निर्णय गरेको छ ।

यस निर्णयसँगै कानुनविपरीत प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिइएका नेपाल स्वास्थ्य सेवा, शिक्षा सेवा तथा स्थानीय प्रशासन सेवाका कनिष्ठ अधिकृतहरूको जिम्मेवारीसमेत >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२६ माघ २०८१ शनिबार
8 February 2025, Saturday

# दलित समुदायको विशेषाधिकारलाई सबै क्षेत्रमा कार्यान्वयन गर्नुपर्छ : प्रचण्ड

**काठमाडौं/मस**-नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले हरेक क्षेत्रमा दलित समुदायको प्रतिनिधित्व बढाउन विशेषाधिकारको व्यवस्थालाई दृढतापूर्वक कार्यान्वयन गरेर लैजानुपर्ने बताएका छन् ।

नेपाल दलित मुक्ति मोर्चा केन्द्रीय समितिको चौथो विस्तारित बैठक तथा प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै गर्दै उनले यस्तो धारणा राखेका हुन् ।




दलित समुदायमाथिका छुवाछुत र जातीय विभेद जस्ता अमानवीय र निकृष्ट व्यवहार वर्गीय र राजनीतिक समस्या भएको उल्लेख गर्दै उनले यसलाई राजनीतिक रुपमा नै हल गर्न विशेषाअधिकारको नीति आवश्यक रहेको र यसलाई सबैतिर लागु गरेर लैजानुपर्ने बताए ।

जनयुद्धसहित नेपालमा चलेका तमाम आन्दोलनमा दलित समुदायको विशेष भूमिका रहेको उल्लेख गर्दै उनले जनयुद्धमा प्रथम सहिद दिलबहादुर रम्तेल भएको घटनाले पनि आजको राजनीतिक परिवर्तनमा दलित समुदायको योगदान पुष्टि गर्ने बताए । पार्टी शान्तिकालमा आइसकेपछि आफ्नो वर्ग र समुदायका एजेण्डालाई दृढतापूर्वक अघि बढाउन केही कमजोरी भएको स्वीकार गर्दै अध्यक्ष प्रचण्डले अब यसलाई दृढताका साथ अघि बढाउनुर्छ भनेर भर्खरे सम्पन्न केन्द्रीय समिति बैठकबाट दलित समुदायको विशेषाधिकार सम्बन्धी विशेष प्रस्ताव नै पारित गरेको जानकारी दिए ।

'हाम्रो पार्टीले दलित समुदायको मुक्तिका लागि राज्यका सबै अंग र निकाय तथा सामाजिक जीवनका सबै क्षेत्रमा विशेषाधकिारको व्यवस्था गर्नु पर्दछ भन्ने स्पष्ट नीति अघि सार्दै आएको छ,' उनले भने, 'विशेषाधिकारको यो नीति ऐतिहासिक भौतिकवादको अध्ययनका आधारमा क्षतिपूर्तिको सिद्धान्तअनुरुप रहेको छ । नेपालको ठोस सन्दर्भमा दलित, महिला र मुस्लिम समुदायलाई राज्यका सबै अङ्ग, निकाय र क्षेत्रमा जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्वमाथि ऐतिहासिक क्षतिपूर्ति स्वरुप निश्चित प्रतिशत थप गरी विशेषाधिकारको व्यवस्था गर्नु पर्दछ ।'

उत्पीडित वर्ग र समुदायको हितमा पार्टीले विशेषाधिकारको नीति अनुरुप नै पार्टीको संगठन र संरचनामा समेत दलित नेतृत्वको विकासमा जोड दिँदै आइरहेको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले पार्टीले गहिरो आत्मसमीक्षासहित विशेषाधिकार सम्बन्धी आफ्नो स्पष्ट नीतिलाई सरकार, सदन र सरकारका तीन वटै मोर्चाबाट दृढतापूर्वका अगाडि बढाउने बताए ।

# निजी मेडिकल कलेजका आवासीय चिकित्सकलाई समान निर्वाह भत्ता

**काठमाडौं/मस**-प्रधानमन्त्री एवं अध्यक्ष केपी शर्मा ओलीका अध्यक्षतामा शुक्रबार भएको चिकित्सा शिक्षा आयोगको १६औं बैठकले निजी मेडिकल कलेजमा अध्ययनरत आवासीय चिकित्सकलाई सरकारी सरह (आठौं तह) को निर्वाह भत्ता उपलब्ध गराउने निर्णय गरेको छ ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको आयोगको बैठकमा यसबीचमा सम्बद्ध पक्षसँग भएका छलफल र प्राप्त प्रतिवेदनसमेतका आधारमा आवासीय चिकित्सकको समान सुविधा (मासिक रु ४८ हजार सात सय) कायम गर्नुपर्ने निर्णय भएको हो । अन्य विषयमा थप छलफल गरी छिट्टै आयोगको बैठकबाट निर्णय लिने निष्कर्ष निकालिएको छ ।

बैठकले सम्बन्धित कलेजमा दुई वर्ष अध्ययन र कामको सम्झौता गर्न नमान्ने विद्यार्थीसँग कूल रु २३ लाख शुल्क लिने विषयमा पनि छलफल भएको छ । हाल निजी मेडिकल कलेजले मासिक रु २० हजार निर्वाह भत्ता दिँदै आएका छन् । पोष्ट ग्राजुएट तहका विद्यार्थीले समान सुविधाका लागि आन्दोलन जारी राखेको र आयोगका परीक्षासमेत प्रभावित हुने स्थितिमा प्रधानमन्त्री एवं अध्यक्ष ओलीको अग्रसरतामा समस्या समाधानको पहल भएको हो ।

बैठकमा निजी मेडिकल कलेज एसोसिएनका अध्यक्ष प्रा डा ज्ञानेन्द्रमान सिंह कार्कीले कार्यविधि बनेपछि निर्णय गर्न आग्रह गरेका थिए, तर आयोगका अध्यक्ष प्रधानमन्त्री ओली, सहअध्यक्षहरु स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल र शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भटराईले आवासीय चिकित्सकको समान सुविधाको प्रतिबद्धताबाट पछि हट्न नसकिने स्पष्ट पारेका थिए ।

चिकित्सा शिक्षाको एकीकृत नियमन, अनुगमन, प्रवेश परीक्षा सञ्चालन, शिक्षण संस्थाको विद्यार्थी सिट संख्या र शिक्षण शुल्क निर्धारणसम्बन्धी कार्यहरु गर्दै आएको आयोगको बैठकमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा आवश्यक संशोधनको प्रक्रिया थाल्ने विषयमा पनि छलफल भएको थियो ।

# सभापति लामिछानेको सांसद पद फुकुवा गर्न माग

**काठमाडौं/मस**-राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसदहरूले पार्टी सभापति रवि लामिछानेको सांसद पद फुकुवा गर्न माग गरेका छन् । प्रतिनिधिसभाको शून्य समयमा बोल्दै रास्वपाका सांसदहरूले उनको सांसद पद फुकुवा गर्न माग गरेका हुन् ।




रास्वपा सांसद डोलप्रसाद अर्यालले सभापति लामिछानेमाथि राजनीतिक प्रतिशोध साँधेर झुट्टा मुद्दा लगाएर फसाउन खोजिएको आरोप लगाए । उनले भने, 'थुनामा नरहेको बेला लामिछानेको सांसद पद तुरुन्त फुकुवा गर्न सभामुखमार्फत आग्रह गर्दछु ।'

रास्वपाकै सांसद बिनिता कठायतले सभापति लामिछानेलाई हिरासतमा राख्दैमा सहकारी पीडितको रकम फिर्ता भयो त ? भन्दै प्रतिप्रश्न गर्नुभयो । सहकारी पीडितको समस्या समाधानमा बेवास्ता गरेको भन्दै उनले आपत्ति जनाए ।

शून्य समयमा सांसदहरूले आ-आफ्नो क्षेत्रमा देखिएका समस्या उजागर गरेका थिए । सो क्रममा सांसद ठाकुरप्रसाद गैरैले बुटवल-पाल्पा सडकको बाँकी काम समयमै सम्पन्न हुने गरी काम गर्न सुझाव दिए ।

सांसद तारा लामा तामाङले उखु किसानले समयमै भुक्तानी पाउनुपर्ने माग गरिन् । कञ्चनपुरमा हात्ती आतङ्कका कारण कृषिमा क्षति पुगेको भन्दै उनले किसानलाई उचित क्षतिपूर्तिको माग गरिन् ।

सांसद डा.तोसिमा कार्कीले ललितपुरका नागरिकले टिपर आतङ्कका कारण दुःख पाइरहेको गुनासो गरिन् । नख्खु-भैंसीपाटी सडकमा ट्याक्टर आतङ्कले दुर्घटना बढेकाले बस्ती भएको क्षेत्रमा ट्याक्टर चलाउन निषेध गर्नुपर्ने उनले बताइन् ।

सांसद दामोदर पौडेल बैरागीले द्रुतगतिमा जनतालाई सेवा दिनेगरी विधेयक बनेको भन्दै पोखरा अन्तरर्राष्ट्रिय सम्मेलन केन्द्र र पोखरामा मुटु उपचार केन्द्रको आवश्यकता रहेको बताए ।

सांसद दुर्गा राईले पाथीभरामा केबलकार निर्माणको विषयमा ताप्लेजुङ अशान्त रहेकाले सहमति नलीइकन काम गर्न खोजेको आपत्ति जनाए ।

सांसद देवेन्द्र पौडेलले बाङलुङको ढोरपाटनमा जिल्लास्तरीय अस्पताल बनाउने निर्णय भए पनि आवश्यक चिकित्सक र स्वास्थ्य सेवा उपलब्ध गराउन अनुरोध गरे ।

सांसद धनराज गुरुङले बुटवल सिद्धार्थ राजमार्गको स्तरोन्नतिलाई द्रुत गतिमा अगाडि बढाउन माग गरे । सांसदहरू धुव्रबहादुर प्रधान, नारायणप्रकाश साउद, नारायणप्रसाद आचार्य, दीपा शर्मा, नारायणी शर्मा, निर्मला कोइराला, निशा डाँगी, नैनकला थापा, पुष्पबहादुर शाह, पूर्णबहादुर घर्तिमगर, प्रकाश ज्वाला, प्रतिमा गौतम, प्रभु हजारा, प्रेमबहादुर आले, प्रेमबहादुर महर्जन, वासुदेव घिमिरे र विन्दवासिनी कङ्सकारले शून्य समयमा विभिन्न विषयमा आफ्नो धारणा राखेका थिए ।

# बेलायती अधिराजकुमार र अधिराजकुमारीद्वारा परेड अवलोकन

**गण्डकी/मस**-संयुक्त अधिराज्य बेलायतका अधिराजकुमार एडिनब्राका ड्यूक एड्वर्ड र अधिराजकुमारी डचेस सोफीले शुक्रबार पोखरास्थित ब्रिटिस क्याम्पमा आयोजित कार्यक्रममा बेलायती सेनामा औपचारिक रूपमा सामेल भएका दुई सय ७४ नेपाली युवाले प्रस्तुत गरेका परेड अवलोकन गरेका छन् ।



नेपालको भ्रमणमा रहेका बेलायती अधिराजकुमार एड्वर्ड र अधिराजकुमारी सोफीले वार्षिक प्रमाणीकरण परेड अवलोकनसँगै उनीहरूका परिवारजनलाई प्रत्यक्ष भेटी विभिन्न जानकारी लिएका थिए । समारोहमा अधिराजकुमार एड्वर्डले भने,'अब तपाईं गोर्खा सैनिक बन्नुभएको छ । यस वर्ष भर्ती हुन सम्भावना बोकेका १३ हजार भन्दा बढीमध्ये केवल दुई सय ७४ नयाँ गोर्खामध्ये तपाइ एक हुनुहुन्छ । यो तपाईंको जीवनको सबैभन्दा ठूलो चुनौतीमध्ये एक रहेको छ । तपाईं आफ्नो उपलब्धिमा धेरै गर्व महसुस गर्नसक्ने अवस्थामा हुनुहुन्छ ।' समारोहमा नेपालका लागि बेलायती राजदूत रोब फेन, गोर्खा ब्रिगेडका कर्नल कमान्डेन्ट मेजर जनरल स्ट्रिकल्याण्ड डिएसओ एमबीइलगायतले भर्ती भएका नयाँ सैनिकको प्रमाणीकरणको अवलोकन गरेका थिए । परेडका अवसरमा ३८ राज्याभिषेक पदक र दुई दीर्घ सेवा तथा असल आचरण पदक पनि प्रदान गरिएको थियो ।

सफल हुने दुई सय ७४ प्रशिक्षार्थी एक वर्षको छनोट प्रक्रियापछि बेलायती सेनामा सामेल हुँदैछन् । उनीहरू बेलायतको क्याटरिकमा रहेको सैन्य प्रशिक्षण केन्द्र (आइटीसी) पुग्नेछन्, जहाँ उनीहरूले नौ महिना लामो प्रशिक्षणमा सहभागी हुने कार्यक्रममा जानकारी दिइयो ।

पोखरामा बेलायती अधिराजकुमार एड्वर्ड र अधिराजकुमारी सोफीले गोर्खा वेल्फेयर ट्रस्ट (जिडब्लुटी) एरिया वेल्फेयर केन्द्र (एडब्लुसी)मार्फत बेलायती सेनामा काम गरेकालाई नेपालमा कसरी साथसहयोग उपलब्ध गराइएको छ, भन्ने कुराको पनि प्रत्यक्ष अवलोकन गरे । उनीहरूले जिडब्लुटीको आवासीय गृहले गरिरहेको काम अवलोकन गरेका थिए । यहाँ २० जना सबैभन्दा कमजोर अवस्थामा रहेका भूतपूर्व गोर्खा सैनिक तथा उनीहरूका विधवाहरूलाई आवास र अन्य सहयोग उपलब्ध गराइएको छ । बेलायती अधिराजकुमार एड्वर्ड र अधिराजकुमारी सोफी नेपालमा कदुरी कृषि सहायता सङ्घ (केएए) को कामको बारेमा पनि जानकारी लिएका थिए । आवासीय गृहको भ्रमणका क्रममा अधिराजकुमार एड्वर्ड र अधिराजकुमारी सोफीले १०४ वर्षीया आशाकुमारी तामाङलाई भनेका थिए । तामाङका स्वर्गीय श्रीमान्ले दोस्रो विश्वयुद्धमा चौथो गोर्खा राइफल्समा आवद्ध भई सेवा गरेका थिए । आशा कुमारी सन् २०११ देखि सो आवासीय गृहमा बस्दै आएकी छन् । कार्यक्रममा उनले बेलायती सेनामा छनोट भएका सैनिकहरूसँग सामूहिक तस्बिर पनि खिचाएकी थिइन् ।

गोर्खा वेल्फेयर ट्रस्ट भूपु गोर्खा सैनिक, उनीहरूका परिवार र समुदायलाई सहयोग गर्न समर्पित अग्रणी परोपकारी संस्था हो । यसको स्थापना सन् १९६९ मा कल्याणकारी पेन्सनधारीहरू (एमओडी पेन्सनका लागि योग्य हुनु अगावै बेलायती सेना छोडेका)लाई आर्थिक सहायता प्रदान गर्नका लागि भएको थियो ।

---

**बढ्दै ...**

आयोगले कारबाही सिफारिस भएकामध्ये १३ दशमलव ६४ प्रतिशत कार्यान्वयन भएको थियो । विगतको यो तथ्यांक प्रस्तुत गर्दै ठाकुरले थपे, 'आयोगको वर्तमान हाम्रो कार्यकालको सिफारिस कार्यान्वयन प्रतिशत शून्य छ । हाम्रो पालामा एउटा पनि सिफारिस कार्यान्वयन भएन ।'

आयोगका अध्यक्ष तपबहादुर मगरका अनुसार आयोगको अन्तर्राष्ट्रिय श्रेणी घटुवासम्मको विषय आएको छ । तर, आयोगका सिफारिस कार्यान्वयनलगायत कार्य भने कमजोर छ ।

सरोकारवालाहरूका अनसार आयोगको सुझाव नमान्ने प्रवृत्ति सरकारमा छ । अनि, मानवअधिकारको स्तर खस्किन लाग्यो भनेर सरकार आफैं गुनासो गर्छ । यो अमिल्दो अवस्था सुधार गर्न सरकार नै गम्भीर बन्नुपर्ने उनीहरूको सुझाव छ ।

आयोगका अनुसार आयोग स्थापनादेखि हालसम्म मानवअधिकार उल्लंघन दुरुत्साहनमा साढे ३०० बढी दोषी पहिचान भएका भएका छन् । पीडितलाई क्षतिपूर्ति तथा राहत उपलब्ध गराउन मात्र आयोगले रकम नै तोकेर २८ करोड १३ लाख १ हजार १९७ रुपैयाँ सिफारिस गरी पठाएको छ । तर, न दोषी पहिचान भएकामाथि सरकारले कारबाही गर्न सकेको छ, न त पीडितलाई क्षतिपूर्ति दिलाउन । २८ करोड १३ लाख क्षतिपूर्ति भराउन सिफारिस गर्दा कार्यान्वयन ७ करोड बराबर छ ।

सरोकारवालाहरू आयोगका सिफारिस कार्यान्वयनको प्रमुख चुनौती आयोगकै पदाधिकारीको हिम्मत रहेको बताउँछन् । यसमा नीतिगत रूपमा राजनीतिक नेतृत्वसमेत जिम्मेवार छन् । कर्मचारीतन्त्र पनि मानवअधिकार उल्लंघनमा दोषी पहिचान भएका उपर कारबाहीका लागि तयार नहुँदा सिफारिस कार्यान्वयन दर घट्दो रहेको हो । तर, यसैलाई देखाएर नेपालको मानवअधिकार आयोगको अन्तर ाष्ट्रिय श्रेणी भने घट्दो छ ।

मानवअधिकार उल्लंघन वा दुरुत्साहनका घटनाहरूमा आयोगले राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ ले गरेको परिभाषालाई आधार मानी घटना भए नभएको यकिन गर्छ । तर, कार्यान्वयन गर्ने सरकारी निकायले मानवअधिकार उल्लंघन र अपराधका त्यस्ता घटनालाई एउटै टोकरीमा राखेर हेर्ने प्रवृत्ति छ । यसले पनि सिफारिस कार्यान्वयनमा चुनौती थपेको छ ।

राजनीतिक माग पूरा गराउने सन्दर्भमा भए गरेका सबै घटना र अपराधहरूलाई राजनीतिक रूपमा सम्बोधन गरिनुपर्छ भन्ने अवधारणाले समेत आयोगको सिफारिस कार्यान्वयनमा अवरोध पुऱ्याउने गरेको छ ।

यसलाई समेत सम्बोधन गर्नेगरी प्रचलित ऐन संशोधन गर्ने तयारीमा आयोग छ । तर, ऐन संशोधनको गृहकार्य पनि अपेक्षित गतिमा अगाडि बढाउन नसकिएको आयोगका पदाधिकारीहरूको गुनासो छ ।

**प्रहरी...**

वर्षसम्म सारभूत विषयमा नियमावलीबाट चलेको थियो', विधेयक दर्ता गरेपछि गृहमन्त्री लेखकले भनेका थिए, 'अब विधेयक पारित भए नियमित कामकाजका साथै सेवा प्रवाहमा पनि सहज हुने छ ।' तर, प्रहरीका पूर्व उच्च अधिकारीहरू गृहमन्त्रीको मतसँग सहमत छैनन् ।

प्रहरी ऐन बनाउँदा वर्तमान नेतृत्वले ध्यान नदिएको भन्दै पूर्व प्रहरी अधिकारीहरूले विधेयकमा समावेश भएका कतिपय प्रावधान संशोधन गर्नुपर्ने बताउँछन् ।

'यो विधेयकले प्रहरीलाई कार्यगत स्वायत्तता दिँदैन', नेपाल प्रहरीका पूर्व अतिरिक्त महानिरीक्षक (एआईजी) सुरेन्द्रबहादुर शाहले भने । उनले थपे, 'प्रहरीका सबै काममा प्रमुख जिल्ला अधिकारीको निर्देशन र नियन्त्रण रहने अनि जिल्ला प्रहरी कार्यालयका प्रमुखको कार्यसम्पादन मूल्यांकन, जसले बढुवामा असर गर्छ, त्यसमा पनि सीडीओले अंक दिने भन्ने जुन व्यवस्था रहेको छ, त्यो गलत हो । एउटा संगठनको व्यक्तिले अर्को संगठनको व्यक्तिलाई मूल्यांकन गर्ने परिपाटी सिद्धान्तः सही होइन ।'

विधेयक दर्ता भएको झण्डै १ हप्तापछि नेपाल प्रहरी पूर्व संगठन प्रमुख मञ्च र प्रहरी महानिरीक्षकलगायत उच्च तहका प्रहरी सम्मिलित बैठकले संसद्मा दर्ता भएको विधेयक जस्ताको त्यस्तै पारित भए प्रहरी निकम्मा हुने ठहर गरेको छ ।

पूर्व प्रहरी महानिरीक्षक मोतीलाल बोहोराले अहिले संसद्मा दर्ता भएको विधेयकको दफा ७ को उपदफा २ मा नेपाल प्रहरीको परिचालन नियन्त्रण, निर्देशन र सुपरिवेक्षण सरकारले गर्ने हो भने प्रहरी संगठन कमजोर हुने भएकाले संशोधन प्रस्ताव दर्ता गराउनुपर्ने बताए ।

'नेपाल प्रहरीलाई आईपीएस मोडलमा लैजानेगरी विधेयक संसद्मा जानुपर्थ्यो, त्यो जान सकेन, यसको अपजसको भारी कसले लिने हो ?', पूर्वएआईजी शाहले भने ।

प्रहरी संगठनमा लामो समय बिताएर अवकास पाएपछि संगठनको हितविरुद्ध बोल्ने, आतंकवादी गतिविधिमा संलग्न रहने र सरकारविरुद्ध लाग्नेहरूको पेन्सन नै रोक्न सकिने व्यवस्था नयाँ ऐनमा गरिएको छ ।

विधेयकप्रति नेपाल प्रहरीमा असन्तुष्टि भएसँगै सशस्त्र प्रहरीका अधिकारीहरू पनि सन्तुष्ट छैनन् । विधेयकको दफा ७ उपदफा ३ (घ)ले सशस्त्र प्रहरीलाई विशेष परिचालनको व्यवस्थामा नेपाली सेनाको मातहत रही काम गर्ने प्रावधान राखेको छ । सशस्त्र प्रहरीको प्रस्तावित मस्यौदाको दफा ७ मा रहेको परिचालन, नियन्त्रण, निर्देशन र सुपरिवेक्षणसम्बन्धी व्यवस्थामा सशस्त्र विद्रोह, सशस्त्र संघर्ष वा पृथक्तावादी गतिविधि नियन्त्रण, आतंककारी गतिविधि नियन्त्रण र निर्वाचन सुरक्षाका बेला सशस्त्र प्रहरीले नेपाली सेनाको प्रत्यक्ष निर्देशनमा रहेर काम गर्ने भनिएको छ ।

विशेष परिस्थितिमा परिचालन हुनुपर्दा एकीकृत परिचालनअन्तर्गत सशस्त्र प्रहरी स्वतः सेनाको मातहतमा रहेर परिचालन हुने फौज जस्तो देखिएको अधिकारीहरूको भनाइ छ ।

'बाह्य आक्रमणका बेला सेनाको मातहतमा रहने भन्ने विषय २०५८ सालको ऐनमा पनि उल्लेख थियो तर अहिले अन्य अवस्थामा पनि सेनाको मातहतमा रहने विषय समावेश भएको रहेछ', सशस्त्र प्रहरीका एक उच्च अधिकारीले भने, 'यसरी छुट्टयाउनुको खास मनशाय बुझ्न सकेको छैन ।'

सशस्त्र प्रहरी बलका एक उच्च अधिकृत भने यस्ता प्रावधान लागू भए सशस्त्र प्रहरी गृह मन्त्रालयअन्तर्गतको फौज हो या रक्षा मन्त्रालयअन्तर्गतको ? भन्ने प्रश्न उठ्ने बताउँछन् ।

यस किमिसका प्रावधानले सेनासँग सशस्त्र प्रहरीको मनमुटाव बढाउने कतिपय अधिकृतहरूको भनाइ छ ।

पूर्वएआईजी शाह भन्छन्, 'राष्ट्रिय सुरक्षासँग जोडिएको गम्भीर मामलामा सरकारले हल्का ढंगले कहिले सशस्त्र प्रहरीलाई चलाउने त कहिले प्रहरीलाई खेलाउने काम गरिरहेको छ ।' विधेयकले राष्ट्रिय सुरक्षाका महत्त्वपूर्ण अंगहरूलाई खल्बल्याउने काम गरेको शाहको टिप्पणी छ ।

**हल्लाले...**

भनाइ छ । नेपालका सबै वित्तीय संस्थाहरू जोखिम बहन गर्ने पर्याप्त क्षमताका साथ सुरक्षित भएको राष्ट्र बैंकको समेत भनाइ छ ।

यस्तै, बैंक तथा वित्तीय संस्थाहरू विरुद्ध भइरहेका अराजक गतिविधिप्रति नेपाल मुद्रा विप्रेषक संघले समेत आपत्ति जनाएको छ । बैंक तथा वित्तीय संस्थाहरू विरुद्ध भइरहेका अराजक गतिविधि रोक्न संघले सरकार तथा सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै कारबाहीको माग गरेको छ ।

बैंक तथा वित्तीय क्षेत्र खलबल्याउन भइरहेका अराजक गतिविधिहरू र सामाजिक संजालमार्फत विभिन्न बैंक तथा वित्तीय संस्थाहरू विरुद्ध सर्वसाधारणलाई भ्रमित पार्ने कार्य नरोक्ने हो भने अर्थतन्त्रको चेन नै बिग्रन सक्ने अर्थविद् डा. चन्द्रमणि अधिकारी बताउँछन् ।

**संघको...**

संस्थाहरूसँग कुनै ठोस छलफल पनि नभएको बताए ।

उनले यस विषयमा छलफल गर्न सम्भव भए शनिबार नै र नभए आइतबार कार्यसमितिको बैठक बस्ने बताए । तोकिएको निर्वाचन सार्ने विषयमा कुनै पनि घटक संस्थाहरूले संघलाई लिखित आग्रह गरेका छैनन् ।

संघको नयाँ कार्यसमिति निर्वाचनका लागि सबै घटक संस्था तयारी अवस्थामा रहेका बताएका छन् । एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले वैदेशिक रोजगार व्यवसायी एकीकृत संगठनसँग गरेको तालमेलअनुसार आइतबार ७ पदाधिकारी र १७ सदस्य गरी निर्वाचन हुने सबै १७ जनाको प्यानल घोषणाको तयारीमा रहेको बताएको छ ।

असमझदारीका बाबजुद एसोसिएसनका संस्थापन र विद्रोही दुवै पक्षले पूरै प्यानल उम्मेदवारी सार्वजनिक गर्ने तयारीमा रहेको बताएका छन् । तर, शुक्रबार दिउँसोदेखि २ फागुनका लागि निर्धारित निर्वाचन सर्ने गाइँगुइँ भएपछि अन्योल सुरु भएको व्यवसायीहरूले बताएका छन् ।

प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र) निकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले कुनै पनि अवस्थामा २ फागुनमै नयाँ कार्यसमितिको निर्वाचन हुनुपर्ने बताएको छ । संघ राजनीतिक दलको भ्रातृ संगठन नभएको भन्दै मञ्चका अध्यक्ष धनलाल जैशीले २ फागुनमा नयाँ कार्यसमितिको निर्वाचन नभए संघको कार्यालयमा तालाबन्दी गरी विरोधमा उत्रिने बताए । उनले भने, 'संघको वर्तमान कार्यसमितिको अवधि सकिएको छ । यसैलाई निरन्तरता दिने विषयमा हाम्रो सहमति रहने छैन ।'

**९३ कानुन...**

रोजगारीमा हुने संस्थागत र व्यक्तिगत ठगीसम्बन्धी मुद्दाको फैसला (वैदेशिक रोजगार विभागबाट सजाय हुने भनी लेखिएकाबाहेक) न्यायाधीकरणबाट हुँदै आएको छ ।

इजाजतपत्रबिना वैदेशिक रोजगार व्यवसाय संचालन गरेमा, इजाजतपत्रवालाले स्वीकृति नलिई कामदार विदेश पठाएमा, नाबालिगलाई वैदेशिक रोजगारीमा पठाएमा, सरकारले खुल्ला नगरेका मुलुकमा कामदार पठाएमा, लिखत वा प्रतिवेदन लुकाएमा वा हेरफेर गरेमा तथा इजाजतपत्रवालाले व्यक्तिगत रूपमा कामदार पठाएर ठगी गरेको मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार क्षेत्र न्यायाधीकरणको रहेको छ ।

गत आर्थिक वर्ष २०८०/०८१ मा दर्ता भएका ३८१ मुद्दामध्ये २२ ९ फैसला भएका र त्यसमध्ये ५४ वटा मेलमिलापबाट टुंग्याइएको न्यायाधीकरणका रजिष्ट्रार दिनेश आचार्यले जानकारी दिए । चालू आर्थिक वर्षको पुस मसान्तसम्म गत आर्थिक वर्षको जिम्मेवारी सरेका १५२ र नयाँ दर्ता भएका ९९ मुद्दामध्येबाट ९० वटा फैसला भएका र त्यसमा २८ वटा मिलापत्रबाट टुंगिएका न्यायाधीकरणले जनाएको छ ।

रजिष्ट्रार आचार्यले पीडक र पीडितबीच मेलमिलाप गराएर शीघ्र न्याय दिलाउने र सबैलाई जितको भावना दिलाउने वातावरण बनाउनु मेलमिलापकर्ताको दायित्व रहेको बताए ।

**१६ प्रमुख...**

खोसिएको छ । पछिल्लो समय संघीय, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिहरूको साँठगाँठमा मनपरी सरुवा गर्दै कनिष्ठ कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको निमित्त बनाई काम गराउने प्रवृत्ति बढ्दो छ । यसले कर्मचारी व्यवस्थापनलाई जटिल बनाउनुका साथै बेथितिलाई नै वैधता दिने प्रयास भइरहेको छ भन्ने प्रशासनविद्हरू बताउँछन् ।

यसअघि पनि मन्त्रालयले १० नगरपालिका र १३ गाउँपालिकामा कानुनविपरीत नियुक्त गरिएका निमित्त प्रमुख प्रशासकीय अधिकृतहरूको जिम्मेवारी रद्द गरिसकेको थियो ।

# 'नेपालको शिक्षा क्षेत्र बरालिन थाल्यो'

**काठमाडौं/मस–** अरुणोदय माध्यमिक विद्यालय चरम्बी भोजपुरको ६० औं वार्षिकोत्सवको अवसरमा प्रकाशित अरुणोदय स्मारिका २०८१ लोकार्पण गरिएको छ ।

शुक्रबार काठमाडौंमा आयोजित विशेष समारोहमा प्रमुख अतिथि पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले विद्यालयको इतिहास, यात्रा संघर्ष र भावी कार्यदिशा समेटिएको दस्तावेज लोकार्पण गरेकी हुन् ।




लोकार्पण समारोहलाई सम्बोधन गर्दै पूर्वराष्ट्रपति भण्डारीले देश विकासको मेरुदण्ड शिक्षा नै भएको बताउँदै शिक्षा विकास अबको मुख्य प्राथमिकता हुनुपर्ने बताइन् । पछिल्लो समय नेपालको शिक्षा क्षेत्र बरालिएको महसुस हुन थालेको बताएकी उनले शिक्षा राष्ट्र निर्माणको मूल खम्बा हुनुपर्ने बताइन् ।

माध्यमिक तह पास गरिसकेपछि विदेश अध्ययनका लागि विद्यार्थी जाने वातावरण अन्त्य गर्न स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्न सक्नुपर्ने भन्दै उनले अरुणोदय मावि नमुना विद्यालयका रूपमा स्थापित भएकामा बधाइ दिइन् ।

उच्च शिक्षा पूरा गर्न नपाउँदै विदेशिनेको लर्को लागिरहेको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै उनले भनिन्,'अहिले हाइस्कुल पास गरेपछि हाम्रो नयाँ पुस्तालाई हामीले देशमा आकर्षित गर्न अलि गाह्रो परिरहेको तथ्यहरूले देखाइरहेका छन् । हिजो जुन आवश्यकताले हाइस्कुलहरू वा स्कुलहरू गाउँमा खोलेका थियौं, अहिले तिनीहरू शून्य-शून्य जस्तो हुँदैछन् ।'

स्मारिकाका प्रधानसम्पादक देवीप्रसाद घिमिरेले सञ्चालन गरेको कार्यक्रममा देशका उच्च ओहोदामा पुगेका विद्यालयका विभिन्न पूर्वविद्यार्थीहरूलाई सम्मानसमेत गरिएको थियो ।

अरूणोदयका पूर्वविद्यार्थीहरू नेपाल सरकारका सचिव लोकराज पराजुली, फ्रान्सका लागि पूर्वनेपाली राजदूत दीपक अधिकारी, पूर्वअतिरिक्त महानिरीक्षक भीमप्रसाद ढकाल, उपसचिव योगेश पराजुलीलगायतलाई अरूणोदय गौरव सम्मान गरिएको थियो । यस्तै, हालसालै प्रहरी उपरीक्षकबाट प्रहरी वरिष्ठ उपरीक्षकमा बढुवा भएका पूर्वविद्यार्थी प्रभुप्रसाद ढकाललाई सम्मानसहित बधाई ज्ञापन गरिएको थियो ।

कोशी प्रदेश, भोजपुर जिल्लाको अरुण गाउँपालिका-४ चरम्बीमा रहेको अरुणोदय माविले स्थापनाको ६०औं वर्ष पूरा गरेको अवसरमा 'इतिहासको अभिलेखन, भविष्यको मार्गदर्शन' भन्ने मूल उद्देश्य राखेर ५१२ पृष्ठको स्मारिका प्रकाशन गरेको हो । विभिन्न ४ खण्डमा विभाजन गरी विद्यालय स्थापनाको पृष्ठभूमि, विकास र विस्तारको क्रमसँगै पूर्वविद्यार्थी, पूर्वशिक्षक, स्थानीय अग्रज, शिक्षासेवीसहित १०० जनाभन्दा बढीको अनुभव समेटिएको स्मारिका प्रधानसम्पादक देवीप्रसाद घिमिरेको नेतृत्वमा परमेश्वर अधिकारी, दीपक आचार्य, देवीचरण घिमिरे, गुणराज पराजुलीले सम्पादन गरेका हुन् । स्मारिका आगामी पुस्ताका लागि मार्गदर्शक बन्ने विश्वास लिएको विद्यालयका प्रधानाध्यापक माधवप्रसाद पराजुलीले बताए ।

'माध्यमिक तह स्थापनाको ६ दशक लामो समय बितिसक्दा समेत यसको इतिहास अभिलेखित हुन सकेको थिएन, यो काम गर्नैपर्छ भनेर लाग्यौं,' उनले भने,'विद्यालयको यो सपना साकार पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने सबैप्रति आभारी छौँ । एउटा इतिहास लेख्न सफल भएका छौँ ।'राणा शासनकालमै अनौपचारिक पाठशालाका रूपमा सुरु भई २०१० सालमा अरुणोदय अपर प्राइमरी स्कुलका नाममा प्राथमिक तहको अनुमति प्राप्त गरेको सो विद्यालय २०२२ सालमा माध्यमिक तहमा स्तरोन्नति भएको थियो । हाल सो विद्यालयमा कक्षा १२ सम्मको पठनपाठन हुँदै आएको छ ।

# समस्या पहिचान गरेर समाधान गर्छौं : प्रधानमन्त्री



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले सेवा प्रवाह, सुशासन, समग्र प्रगति, विद्यमान चुनौती र संघीय सरकारले गर्नुपर्ने सहजीकरणका विषयमा शुक्रबार सातै प्रदेशका मुख्यमन्त्रीसँग भर्चुअल बैठक गरेका छन् ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको 'एक्सन रूम' बाट प्रधानमन्त्री ओलीले मुख्यमन्त्रीहरूसँग पहिलो पटक यसप्रकारको संवाद गरेका हुन् । करिब साढे दुई घण्टा भएको छलफलमा उनले प्रदेशका मुख्यमन्त्रीहरूसँग एक्लाएक्लै छलफल गर्नुपर्ने आवश्यकता देखिएको बताउँदै आगामी आर्थिक वर्षको बजेट निर्माणको तयारी जुट्दा थप छलफल गर्दै जाने विश्वास दिलाए ।

प्रधानमन्त्री ओलीले सकेसम्म प्रदेशमै पुगेर र कतिपय प्रदेशसभामा पनि पुगेर राष्ट्र निर्माणबारे केन्द्र र प्रदेशका सोचबारे विमर्श गर्ने र समस्याको पहिचान गरी कार्यान्वयनको 'एक्सन' मा जाने जानकारी दिए । उनले अहिलेको सूचना र प्रविधिको जमानामा यसको उपयोग गरी जिल्ला तह र आयोजनागत रूपमा मुख्यमन्त्रीहरूले यस्ता छलफल गर्न सकिने सुझाव दिए ।

प्रधानमन्त्री ओलीले आफू पहिला प्रधानमन्त्री हुँदा सिंहदरबारस्थित कार्यालयमा एक्सन रूमबाट देशभरका निर्माणाधीन आयोजनाबारे अनुगमन र छलफल गर्न थालेको स्मरण गराउँदै यस कक्षको उपयोगलाई बढाउँदै जाने बताए । प्रधानमन्त्री ओलीले माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (एसइई)मा ४८ प्रतिशत विद्यार्थी मात्रै उतीर्ण हुने अवस्था सुधार्न आफूले केही युवाको सहयोगमा अनलाइन माध्यमबाट मुख्य विषयमा अतिरिक्त कक्षा सञ्चालनको आरम्भ गराएको बताउँदै यसमा ५७ हजार विद्यार्थी सहभागी जानकारी गराए ।

आगामी वर्षदेखि यसैवर्षदेखि यसप्रकारको तयारी गर्न मुख्यमन्त्रीहरूलाई आग्रह गर्दै प्रधानमन्त्री ओलीले विकासको आधारका रूपमा शिक्षालाई लिनुपर्नेमा जोड दिए । उनले डिजिटल नेपालतर्फ आफूहरू अघि बढेकाले स्वास्थ्यलगायत अन्य क्षेत्रमा पनि सूचना र प्रविधिको उपयोग गरेर जनतालाई लाभ दिन सकिने बताए ।

संवादमा मुख्यमन्त्रीहरूले यस प्रकारको छलफलमा राखिएकामा आभार व्यक्त गर्दै आफ्ना सरकारले चालु आर्थिक वर्षको हालसम्म हासिल गरेका भौतिक र वित्तीय प्रगति, विद्यमान चुनौती र समस्या समाधानका उपायबारे अवगत गराएका थिए ।

उनीहरूले बहुवर्षीय ठेक्का लागेका कार्यक्रमहरूमा बजेटको निरन्तरतासहित अनुदान रकम वृद्धि हुनुपर्ने, आयोजना सञ्चालनका लागि रूख कटान र जग्गा प्राप्तिमा सहजता हुनुपर्ने, विपद् व्यवस्थापनमा बजेट थपिनुपर्ने, जनशक्ति व्यवस्थापन, भन्सारमा हुने चोरी-निकासी नियन्त्रण गर्नुपर्ने, गण्डकीलाई पर्यटकको केन्द्रका रूपमा विकास गर्न निर्माणाधीन सडक विस्तार छिटो सम्पन्न गर्नुपर्ने, पूर्व-पश्चिम रेलमार्ग निर्माणका लागि मुअब्जा विवाद टुङ्ग्याउनुपर्ने, कार्यविस्तृतीकरण पुनःविचार गर्नुपर्ने, प्रदेशमा पर्यटक र आम्दानी वृद्धिका लागि सहजीकरण गरिनुपर्नेलगायत सुझाव दिएका थिए ।

सरकारका मुख्यसचिव एकनारायण अर्यालले मुख्यमन्त्रीहरूले उठाएका समस्याका विषय सङ्घीय मन्त्रिपरिषद्को बैठक र सरकारका सचिवहरूको बैठकमा छलफलको विषय बनाइ सम्बोधन गरिने बताए । संवादमा प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक सल्लाहकार डा युवराज खतिवडा र उच्चाधिकारीहरूको सहभागिता थियो ।

# काठमाडौंका सामुदायिक विद्यालयलाई स्मार्ट बोर्ड प्रदान गरिने



**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले सामुदायिक विद्यालयको शिक्षण क्रियाकलापका लागि स्मार्ट एलइडी बोर्ड उपलब्ध गराउने भएको छ ।

नगर शिक्षा समितिका संयोजक एवं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) को अध्यक्षतामा बसेको समितिको बैठकले बोर्ड वितरण गर्ने निर्णय गरेको हो । शिक्षा विभागले सार्वजनिक खरिद प्रक्रियामार्फत प्राप्त गरेका वोर्डहरु सूचना प्रविधि विभागबाट बोलपत्रको स्पेशिफिकेसन सम्बन्धी प्राविधिक जाँच गराएर विद्यालयहरुमा वितरण गर्ने निर्णय गरेको हो । यसका लागि ३१३ थान बोर्डहरु खरिद गरिएका छन् ।

बैठकले आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षा समितिका सदस्य मनोनयन गरेको छ ।

काठमाडौं महानगरपालिका विद्यालय शिक्षा नियमावली, २०७४ को नियम ३६ (२) मा आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको सञ्चालन र व्यवस्थापन गर्नका लागि शिक्षा अधिकारीको संयोजकत्वमा ७ सदस्यीय समिति गठन गर्ने व्यवस्था छ ।

यसमा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुमध्ये एकजना, स्थायी शिक्षकहरुमध्ये आधारभूत र माध्यमिक तहबाट एक जना पर्ने गरी २ जना सदस्य शिक्षा समितिले मनोनयन गर्ने व्यवस्था छ । यसअनुसार बाल व्यवसायी माध्यमिक विद्यालयका प्रधानाध्यापक रामप्रसाद ढुंगाना, कुलेश्वर माध्यमिक विद्यालयका माध्यमिक तहका गणित शिक्षक मञ्जु मगराती र विश्व निकेतन माध्यमिक विद्यालय, त्रिपुरेश्वरका निम्न माध्यमिक तहका नेपाली शिक्षक विष्णुहरि अधिकारी मनोनित भएका छन् ।

यस्तै संस्थागत विद्यालयका शिक्षकहरुमध्ये ज्ञानमन्दिर माध्यमिक विद्यालयका शिक्षक रविन वस्नेत र अभिषेक ज्ञान मन्दिर माध्यमिक विद्यालयका शिक्षक श्याम योञ्जन मनोनयन भएका छन् । समितिको सदस्य सचिवमा विभागबाट परीक्षा हेर्ने अधिकृत रहनेछन् ।

समितिले सहरी योजना आयोगका सदस्य इन्जिनियर शैलेन्द्र झाको संयोजकत्वमा संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क प्रस्ताव समिति गठन गरेको छ । शिक्षा समितिका सदस्य एवं वडाध्यक्ष चिनीकाजी महर्जन, दिनेश महर्जन र विनोदकुमार राजभण्डारी समितिको सल्लाहकार छन् । आयोगका सहायक विज्ञ सस्मित पोखरेल, शिक्षा अधिकृत रुक्मिला इटनी, अभिभावक संघको अध्यक्ष वा सदस्य वा त्यस्तो संघ नभएमा अभिभावकहरुमध्ये २ जना मनोनित, महानगरपालिका स्तरीय प्याब्सन, एनप्याब्सन, शिक्षा विभागको इन्जिनियर समितिको सदस्य छन् । समितिको सदस्य सचिवको काम शिक्षा विभागका प्रमुखले गर्नेछन् ।

मापदण्डका आधारमा विद्यालयको वर्गीकरणको प्रारुप तयार पार्ने, शुल्क सम्बन्धी शिफारिस तयार पार्ने, शुल्कबमोजिम सेवा सम्बन्धी अवस्था अध्ययन गरेर शिक्षा समितिमा पेश गर्ने दायित्व समितिलाई दिइएको छ । समितिले अभिभावकको भूमिका पहिचान गर्ने, विश्लेषण गर्नेछ ।

शिक्षक दरबन्दी मिलान सम्बन्धी प्रस्तावमा बैठकले छलफल गरेको थियो । काठमाडौं महानगरपालिकाको दरबन्दी मिलान तथा प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि, २०८० बमोजिम गठन गरिएको 'दरबन्दी मिलान समिति' ले शिक्षा समितिमा प्रतिवेदन पेश गरेको छ । प्रचलित व्यवस्था र शिफारिसका बुँदा आपसमा बाझिएकोले २०८१ वैशाख ९ गते बसेको नगर शिक्षा समितिको बैठकले सहरी योजना आयोगका विज्ञ सदस्य इन्जिनियर झाको अध्यक्षतामा ३ सदस्यीय समिति गठन गरेको थियो । यो समितिले प्रमुख समक्ष प्रतिवेदन पेश गरिसकेको छ ।

प्रतिवेदनको सिफारिस र प्रचलित व्यवस्थाबमोजिम शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण तालिकालाई स्वीकृतिका लागि नगर कार्यपालिकाको बैठकमा प्रस्ताव पेश गर्ने समितिले निर्णय गरेको छ ।

शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली २०५९ (संशोधनसहित) को अनुसूची १२ बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को २०७६ भाद्र ४ गतेको निर्णय, नेपाल सरकारको शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ दरवन्दी मिलानसँग सम्बन्धी व्यवस्था हुन् ।

# जबरजस्ती करणी र विद्युतीय कारोबार कसुरमा पक्राउ

**सिरहा/मस–** नेपाल विद्युत् प्राधिकरण सिरहा शाखामा कार्यरत एक जना कर्मचारीलाई जबरजस्ती करणी र विद्युतीय कारोबार ऐनअन्तर्गत कसुर मुद्दामा सिरहा प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा उदयपुरको लिम्चुङबुङ गाउँपालिका-४ का ३१ वर्षीय विश्वराज राई रहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिए । राईलाई सिरहा नगरपालिका-७ हेमनारायण चौकबाट पक्राउ गरिएको हो ।

सूचना अधिकारी पासवानका अनुसार ती कर्मचारीको जाहेरीका आधारमा विद्युतीय कारोबार ऐनअन्तर्गतको कसुरमा राईलाई पक्राउ गरिएको हो । काठमाडौं जिल्ला अदालतको अनुमतिबमोजिम आरोपी राईलाई पक्राउ गरी बिहीबार काठमाडौं साइबर ब्यूरो शाखा पठाइएको प्रहरी नायब उपरीक्षक पासवानले बताए ।

# कार्यालय प्रमुख नहुँदा न काम, न त तलब



**जनक श्रेष्ठ/रासस**
लमजुङ, २५ माघ

लमजुङ बेसिशहर नगरपालिका वडा नं ८ फुलबारी चोकस्थित जिल्ला मालपोत कार्यालयमा कार्यालय प्रमुख नहुँदा कर्मचारीले दुई महिनादेखि तलब पाएका छैनन् भने यहाँबाट प्रवाह हुने सेवा प्रभावित भएको छ ।

कार्यालय प्रमुख विहीन हुँदा यस कार्यालयका कर्मचारीले पुस र माघ महिनाको तलब पाउन सेकेका छैनन् । गत मंसिरमा भीष्मकुमार मल्ल कार्यालय प्रमुख भएर आएका थिए । उनी गत पुस १४ गते सरूवा भएर गएपछि करिब एक महिनाअघि पोखराबाट रामचन्द्र अधिकारीलाई यस मालपोतमा प्रमुखका रूपमा तोकिए पनि उहाँ हालसम्म हाजिरी हुन आएका छैनन् ।

कर्मचारीले तलब नपाउने मात्र होइन कार्यालय प्रमुख नहुँदा नामसारी, घरजग्गासम्बन्धी अन्य कामहरू एवं आर्थिक कारोबारलगायत काम रोकिएको छ । सेवाग्राहीले समस्या भोग्नु परेको निमित्त कार्यालय प्रमुख पूर्णबहादुर गुरूङले बताए । उनले भने, 'यतिका समय हुँदा पनि प्रमुख आउनु भएन, सर्म्पक बिहिन जस्तै हुनुभएको छ, यहाँ नआउने भए सरूवा फिर्ता लिए हुन्थ्यो, कि आउने भए बेलैमा आए कर्मचारीले तलब पाउने थिए, सेवाग्राहीले सेवाहरू प्राप्त गर्ने थिए ।'

गुरूङलाई निमित्त कार्यालय प्रमुख तोकिए पनि उनलाई आर्थिक एवं महत्त्वपूर्ण कार्याहरू गर्ने अधिकार दिएको छैन । सेवाग्राहीका महत्त्वपूर्ण काम गर्न आफूलाई अधिकार नभएकाले समस्या भइरहेको उनले बताए । उनका अनुसार २६ जना दरबन्दी रहेको यस कार्यालयमा जम्मा ८ जना मात्रै दरबन्दीका कर्मचारी रहेका छन् ।

गुरूङले भने, 'यसअघि पनि कार्यालय प्रमुख नहुँदा आफू असारदेखि मङ्सिरसम्म निमित्त कार्यालय प्रमुख भएर जिम्मेवारी सम्हालेको र त्यो बेलामा अरू कोही कार्यालय प्रमुख नआएको तथा न तोकेकाले अधिकार मैले पाएको थिए । तर अहिले उपसचिव अधिकारीलाई नै प्रमुख तोकेर पोखराबाट सरूवा गरेर यहाँ खटाएकाले आफूलाई अहिले सबै अधिकार नहुँदा विभिन्न समस्या उत्पन्न भइरहेकाले सम्बन्धित निकायमा पटकपटक खबर गर्दै आए पनि सुनुवाई हुन सकेको छैन ।'

यस मालपोत कार्यालयमा एक वर्षदेखि पटक पटक कार्यालय प्रमुख फेरिदै आएका छन् । पछिल्लो एक वर्षमा मात्र जिल्ला मालपोत कार्यालयमा तीन जना प्रमुखको आगमन तथा सरूवा भएको छ । कार्यालयमा प्रमुख एक महिनाभन्दा बढी नटिक्दा सेवाग्राही समस्यामा परेको उनीहरूको दुःखेसो छ ।

यस वर्ष चिरिञ्जीवी पौडेल कार्यालय प्रमुख भएर आए तर एक महिनामै सरूवा भए । त्यसपछि जेठसम्म निमित्तको भरमा कार्यालय सञ्चालन भयो । जेठ महिनामा हरेन्द्रकुमार श्रेष्ठ आउनुभयो, तर असार महिनामै सरूवा भए । त्यसयता चार महिना निमित्तको भरमा सेवा प्रवाह हुँदैआएको थियो । पछिल्लो पटक गत मंसिरमा भीष्मकुमार मल्ल कार्यालय प्रमुख भएर आउनु भए पनि उनी पनि पुस महिनामै सरूवा भए । त्यसयता कार्यालय प्रमुखमा कोही आउनुभएको छैन । प्रमुखका रूपमा कास्कीबाट अधिकारीलाई सरूवा गरिए पनि उहाँ लमजुङमा हाजिर नहाउँदा समस्या भएको हो ।

यहाँ कार्यालय प्रमुखसँगै खरिदार ५ जना, कम्प्युटर अपरेक्टर एक जना, लेखापाल एक जना, तानासु (टाइसिन) एक जना, कार्यालय सहयोगी एक जना खाली रहँदै आएको निमित्त कार्यालय प्रमुख गुरूङको भनाइ छ । उनले भने,'दरबन्दीअनुसार कर्मचारी कम हुँदा सेवाप्रवाहमा समेत समस्या तथा कर्मचारीलाई बढी भार हुने गरेको छ ।'

# बाल यौन दुर्व्यवहारमा कृषिविज्ञ राईलाई २ वर्ष ६ महिना कैद



**खोटाङ/मस–** बाल यौन दुर्व्यवहार कसुरमा दोषी ठहरिएका कृषिविज्ञ मदन राईलाई जिल्ला अदालत खोटाङले २ वर्ष ६ महिना कैद सजाय तोकेको छ । साकेला गाउँपालिका-२ रतन्छा निवासी कृषिविज्ञ राईलाई जिल्ला न्यायाधीश नारायणप्रसाद दाहालको इजलासले शुक्रबार सजाय निर्धारण गरेको हो ।

यही माघ १० गते दोषी ठहरिएका कृषिविज्ञ राईलाई २ वर्ष ६ महिना कैदका साथै एक लाख जरिवानासमेत निर्धारण भएको जिल्ला अदालत खोटाङका स्रेस्तेदार सीताराम खड्काले जानकारी दिए । यस्तै, पीडित किशोरीलाई एक लाख ५० हजार क्षतिपूर्ति दिन सजाय फैसला भएको अदालतले जनाएको छ । कृषिविज्ञ राईमाथि आफैँले सञ्चालन गरेको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-२ सोल्मास्थित शुभद्रा-मदन (शुभम्) फाउण्डेशनका किशोरीलाई यौन दुर्व्यवहार गरेको अभियोग लागेको थियो । बाल यौन दुर्व्यवहार कसुरमा अदालतले कृषिविज्ञ राईलाई माघ १० गते कसुर ठहर गरेको थियो ।

फाउण्डेशनमा सात वर्ष बसेर बाहिरिएकी १६ वर्षीया किशोरीले यौन दुर्व्यवहार गरेको भन्दै प्रहरीलाई दिएको उजुरीका आधारमा राई विसं २०८० वैशाख २९ गते पक्राउ परेका थिए । आरोपित कृषिविज्ञ राई मुद्दाको फैसला नभएसम्म फाउण्डेशनमा जान नपाउनेगरी विसं २०८० जेठ २२ गते रू चार लाख धरौटी बुझाएर तारेखमा रिहा भएका थिए ।

आरोपित कृषिविज्ञ राईविरूद्ध वि.सं २०८० जेठ-२१ गते जिल्ला सरकारी वकिलको कार्यालय खोटाङले जिल्ला अदालत खोटाङमा बाल यौन दुर्व्यवहारसम्बन्धी अभियोगपत्र दायर गरेको थियो । जिल्ला अदालतमा दायर भएको अभियोगपत्रमा कृषिविज्ञ राईलाई तीन वर्ष कैद र रू ७५ हजार जरिवाना माग गरिएको थियो ।

कृषिविज्ञ राईको पहलमा वैकल्पिक शिक्षाको नारासहित दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-२ सोल्मामा रहेको शुभम् फाउण्डेशनमा करिब एक सय ५० विद्यार्थी अध्ययनरत छन् । वस्तुगत सीप र व्यावहारिक शिक्षासहित पठनपाठन हुँदै आएको फाउण्डेशनले नेपालमा छुट्टै पहिचानसमेत बनाएको छ ।

फाउण्डेशनका संस्थापक कृषिविज्ञ राईलाई अदालतले बाल यौन दुर्व्यवहार कसुरमा दोषी ठहर गरेर कैद सजायका साथै जरिवानासमेत तोकेपछि फाउण्डेशन परिवार चिन्तित बनेका छन् । प्रतिवादी कृषिविज्ञ राईतर्फबाट दुई वरिष्ठसहित १४ जना कानुन व्यवसायी र वादी सरकारकातर्फबाट दुई जना सरकारी वकिलले थुनछेक बहस गरेका थिए । फाउण्डेशनका संस्थापक रहेका ७५ वर्षीय कृषिविज्ञ राईले विगत केही वर्षदेखि सामाजिक सञ्जालमा अश्लील शब्द प्रयोग गरेर स्टाटस लेख्दै आएका थिए । यौन शिक्षाका नाममा सामाजिक सञ्जालमा अश्लील शब्द प्रयोग गरेको विषयमा संरक्षक कृषिविज्ञ राईको चौतर्फी आलोचना हुँदै आएको थियो ।

## सामुदायिक विद्यालयमा मगर भाषाको पढाइ

**तनहुँ/मस–** तनहुँको व्यास नगरपालिका-१४ केशवटारस्थित केशवटार माध्यमिक विद्यालयमा पहिलो पटक मगर भाषाको पढाइ सुरू भएको छ । व्यास नगरपालिका र नेपाल मगर संघ व्यास नगर समितिको समन्वयमा यस विद्यालयमा मगर भाषाको पढाइ सुरू गरिएको हो । मगर समुदायका विद्यार्थीहरूलाई मगर भाषा सिकाउने र पुस्तान्तरण अभियानका साथ मगर भाषाको कार्यान्वयनलाई प्राथमिकता दिने उद्देश्यले व्यास नगरपालिकामा पहिलो पटक केशवटार माविबाट मगरभाषाको पढाई सुरू गरिएको हो । उक्त विद्यालयमा नेपाल मगर सङ्घले बनाएको नीति र स्थानीय पाठ्यक्रम अनुसार कक्षाहरू सञ्चालन गरिएको छ ।

केशवटार माविको कक्षा १ मा मगर भाषाको पढाइ थालिएको हो । मगर भाषाको पाठ्यक्रम र पाठ्यपुस्तकको कार्यान्वयनको शुभारम्भ नगरप्रमुख वैकुण्ठ न्यौपानेले गरे । मगर भाषाको पढाइ सञ्चालनका लागि नगरपालिकाकै सहयोगमा पहिलो चरणमा शिक्षकहरूलाई पाँच दिने तालिम प्रदान गरिएको थियो । मगर भाषा संरक्षणका लागि नगरपालिकाले मगर समुदायको बाहुल्यता भएका विद्यालयमा मगर भाषामा पढाइ सञ्चालन गर्ने नीति लिएको छ । तालिम प्राप्त शिक्षकहरूले विद्यालयहरूमा मगर भाषामा कक्षाहरू सञ्चालन गर्नेछन् । पठनपाठनलाई सहज बनाउन र प्रभावकारी बनाउन विशेष तालिम प्रदान गरिएको थियो ।

**वर्गीकृत डिस्प्ले**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०९/२० मा दर्ता भएको प्रा.लि. नं. **१६१२८०** को **ह्याप्पी हुमेन फाउन्डेशन मु.वि.न.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१०/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ खारेजीका लागि यो सूचना सम्बन्धित सबै को जानकारीको लागि प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०७३/०६/११ मा दर्ता भएको दर्ता नं. ४४३८ को **वोर्डर मिशन** को मिति २०८१/०५/१३ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

पुस्तक समीक्षा

# नेपाली बालगीतको कोशेढुंगा

*नेपाली बालगीतको सिद्धान्त, परम्परा र प्रवृत्तिको विस्तृत विश्लेषणले बालगीतका बारेमा जान्न चाहने गम्भीर पाठकका लागि 'प्रज्ञा नेपाली बालगीत' संग्रह अतिउपयोगी हुने छ...*



■ रत्न प्रजापति

बालबालिकाको पहिलो रोजाइमा पर्ने साहित्य गीत नै हो भन्दा अतिशयोक्ति नहोला । बोली नै नफुटेको शिशुदेखि सामाजिकीकरणको चरणमा प्रवेश गरिसकेका बालबालिकाले जान-अन्जानमा गाउने र शब्दबिना पनि आवाजले मात्र गुनगुनाउने भनेको गीत नै हो ।

बाल्यकालमा जोसुकैका लागि पठनभन्दा मनोरञ्जन पहिलो प्राथमिकतामा परेको हुन्छ । मनोरञ्जनकै एक हिस्साको रूपमा गीतलाई लिन सकिन्छ । हिजोका दिनमा नानी-बाबूलाई सुताउन लोरी सुनाउने गरिन्थ्यो । अतः नानी-बाबूले कोक्रामा छँदैदेखि बालगीत सुन्न थालिसकेका हुन्छन् । टुकुटुकु हिँड्न थालेपछि आमा तथा दिदीहरूसँगै 'ताराबाजी लैलै...' सुन्दै आफैंले पनि गाउन थाल्छन् । यहीँबाट गीतप्रतिको लगाव बढ्न थाल्छ बालबालिकामा ।

बालसाहित्यअन्तर्गत विशेषगरी कथा र सचित्र कथाका गुणस्तरीय पुस्तकहरू प्रशस्तै प्रकाशन भएका छन् । तर, बालबालिकाको पहिलो रोजाइमा पर्ने बालगीतसंग्रहको अभाव महसुस भइरहेको थियो । यस्तै बेलामा बालसाहित्यमा विशेषगरी बालगीतमा बालबालिकाको अभिरुचि र बालगीतसंग्रहको आवश्यकतालाई ध्यानमा राख्दै नेपाल प्रज्ञाप्रतिष्ठानको बालसाहित्य विभागले अनुसन्धान परियोजनाअन्तर्गत 'प्रज्ञा नेपाली बालगीत' संग्रह प्रकाशन गरेको छ ।

साहित्य एवं संचार क्षेत्रमा अढाइ दशकभन्दा बढी समय खर्चिएका सर्जक एवं अनुसन्धानकर्ता गोपीकृष्ण ढुंगानाको सम्पादनमा प्रकाशित यो संग्रहमा १५९ नयाँ तथा पुराना गीतकारका ३१८ बालगीत सँगसँगै एक समय रेडियो नेपालको बाल कार्यक्रममा बज्ने ५६ वटा छानिएका उत्कृष्ट एवं लोकप्रिय बालगीतहरू संगृहीत छन् ।

रेडियो नेपालको बाल कार्यक्रमका तत्कालीन संचालक, बालबालिकाका प्रिय दाइ वासुदेव मुनालको 'आऊ मेरा प्यारा-प्यारा भाइबहिनी हो, रेडियो नजिक आऊ' भन्ने बालप्रिय आवाजसँगै सुरु हुने त्यो बाल कार्यक्रममा अन्य बालोपयोगी सामग्री, जो बालबालिकालाई मनपर्ने र निकै उपदेशात्मक अनि सन्देशमूलक हुन्थे, तीमध्ये बालबालिकाको फर्माइससहित अलि धेरै नै बज्ने गीतहरूचाहिँ 'कहाँ जाने कहाँ जाने पुतलीका हुल, जताजता फुलेका छन् मीठा-मीठा फूल'; 'म धेरै सानो छु, मेरो मुटु सानो छ, यो सानो मुटुमा विशाल देश छ'; 'ढिकी च्याउँ ढिकी च्याउँ गर्दै ढिकी च्याउँ, नाच्दै आयो खरायो आऊ न हेर्न जाऊँ'; 'पापा ल्याएँ चाचा ल्याएँ पापा ल्याएँ-ल्याएँ, छानी मैयाँ छानु लाजा पापा ल्याएँ-ल्याएँ'; 'दुई एकान दुई, दुई दुना चार, पढ-पढ नानी हो भई होसियार'; 'तीखा काँडाको बीचमा गुलाफ फुलेको हेर, जस्तै दुःख परे पनि पिर नलेऊ भनेर' आदि प्रमुख थिए ।

'दुई एकान दुई...' गीतको धूनलाई बाल कार्यक्रमको सुरु र अन्त्यमा बजाउने गरिन्थ्यो । नेपाली बालगीत-संगीतको विकासमा बाल कार्यक्रमको योगदानलाई बिर्सन सकिन्नँ । त्यसैले सायद यी सबैलाई पुस्तकले समेटेको छ ।

अलि पछिचाहिँ 'मेरो गाउँ ज्यामिरे जमुनीको छोरो म, काले भन्छन् मलाई तर मान्छे गोरो म' र 'लेकका हामी केटाकेटी कुहिरोभित्र स्कुल छ, चौंरीलाई चराउँदै दिन बित्छ, पढ्नु र लेख्नु मुस्किल छ' जस्ता सामाजिक चेतनामूलक गीत रेडियो र विद्यालयहरूको सांस्कृतिक कार्यक्रमहरूमा पनि विशेष रूपमा बज्ने गरेका पाइन्थ्यो ।

नेपाली साहित्यमा ऐतिहासिक बालगीतदेखि वर्तमानमा लेखिएका बालमैत्री र बालप्रिय गीतहरू संग्रह गरी प्रकाशित यो बालगीतसंग्रहले गीत पठनबाट बालबालिकालाई मनोरञ्जन प्रदान गर्नुका साथै केही शिक्षा, सन्देश र उपदेश पनि दिने छन्, जुन उनीहरूको जीवनमा उपयोगी हुने छ ।

संग्रहमा बालबालिकाका आफ्नै इच्छा भाव व्यक्त भएका गीतहरू समेटिएका छन् भने केही अभिभावकका आशा र अपेक्षा भाव व्यक्त भएका गीत पनि छन् । धेरै गीत उपदेशात्मक छन् । यसो गर्नुपर्छ र उसो गर्नुपर्छ अनि यस्तो गर्न हुन्छ र उस्तो गर्न हुन्न भनेर सामाजिक मूल्य र मान्यता सिकाउने खालका छन् । यी सायद तत्कालीन समय र समाजले दिएका उपहार हुन् ।

यसैगरी, प्रकृति, जीवजन्तु, पशुपक्षी आदिका प्रवृत्ति, चरित्र र विशेषताका बारेमा लेखिएका गीत पनि छन् । प्रकृति, जीवजन्तु र




> *'प्रज्ञा नेपाली बालगीत' संग्रहमा बालबालिकाका आफ्नै इच्छा भाव व्यक्त भएका गीतहरु समेटिएका छन् भने केही अभिभावकका आशा र अपेक्षा भाव व्यक्त भएका गीत पनि छन् । धेरै गीत उपदेशात्मक छन्...*

पशुपक्षीलाई पात्र बनाएर लेखिएका गीतमा उपदेशात्मक सन्देश दिने र बालबालिकाको मनोरञ्जनसँगै उनीहरूमा नैतिक र चारित्रिक विकासका लागि अभिप्रेरित गर्ने उद्देश्य रहेको पाइन्छ ।

कुनैकुनै गीत बालबालिकामा राष्ट्रियता र राष्ट्र प्रेमको भावना जगाउने उद्देश्यले लेखिएका छन् । शिक्षण-सिकाइ र साँस्कृतिक सम्बर्द्धनको उद्देश्यले लेखिएका गीत पनि छन् । कुनैकुनै गीतमा आर्थिक र सामाजिक कारणले बालबालिकाले भोग्नुपरेको अभाव, दुःख, कष्ट र पीडाका कथा पनि छन् । जस्तै :

*जान पाइनँ पाठशाला, पाइनँ पढ्न लेख्न*
*ज्ञानरूपी उज्यालाले पाइन संसार देख्न*
*क्लम-किताब समाउने हातले बोक्छु बोरा*
*आज यहाँ, भोलि कहाँ छैन मेरो डेरा ।*

कुनैकुनै गीत बाल मनमा उठ्ने प्रश्नका उत्तरसहित लेखिएका छन् । यस्ता गीतले बालबालिकालाई गीतबाट मनोरञ्जन प्राप्त हुनुका साथै तिनले ज्ञानका कुरा पनि सिकिरहेका हुन्छन् । जस्तै :

*कसले भर्छन् यति रङ इन्द्रेनीमा बाबा ?*
*मिल्छन् जब घामपानी बादल र हावा*
*पर्दाखेरि घामका किरण पानी थोपामाथि*
*अनि देख्छौँ इन्द्र धनुष आकार नाना भाँती ।*

निस्फिक्री भएर खेल्नु, हाँस्नु र रमाउनु अनि साथीभाइसँगै रमाउँदै स्कुल गएर केही सिक्न पाउनु नै बालअधिकार हो र बालापनको विशेषता हो । तर, गरिबी र अभावमा बाँचेका परिवारका बालबालिकालाई त्यस्तो अवसर कहाँ जुर्छ र ! त्यस्तो अवसरबाट बञ्चित बालबालिकाको मनोभावलाई व्यक्त गरिएका गीतले मन छुन्छन् । जस्तै :

*सबै पढ्न गएछन्, जान्ने-सुन्ने भएछन्*
*म त अझै गोठमा, छैन हाँसो ओठमा*
*किनकिन मन यो दुखे-दुखेजस्तो छ*
*यो ज्यामिरे गाउँमा कुरा मात्र सस्तो छ ।*

राज्यको ध्यानाकर्षण गराउने उद्देश्यले लेखिएका सामाजिक रूपान्तरणकारी गीतले गरिबी र अभावमा बाँचेका बालबालिकाको आवाजलाई प्रतिनिधित्व गरेका छन् । जस्तै : 'लेकका हामी केटाकेटी... ।' यो गीतले देशको विकट भौगोलिक अवस्था र त्यहाँको जीवनशैलीलाई मार्मिक ढंगले प्रस्तुत गरेको छ ।

समग्रमा, बालबालिकालाई नैतिक, चरित्रवान् र राष्ट्र प्रेमको भावनाले ओतप्रोत गराई असल नागरिक बनाउने उद्देश्यले लेखिएका गीतहरू यो संग्रहमा समेटिएका छन् ।

तुलनात्मक रूपमा हेर्दा आजभन्दा ३०-४० वर्षअघि लेखिएका बालगीत र अहिलेका बालगीतमा खासै तात्त्विक भिन्नता देखिन्नँ । मनोरञ्जन र उपदेश हिजोका बालगीतका उद्देश्य थिए भने आज पनि तिनै उद्देश्यले बालगीत लेखिएका छन् । यद्यपि, सूचना प्रविधिको विकास र मनोरञ्जनका साधनका विकल्पहरूको सर्वसुलभताले गर्दा अहिलेका बालगीतहरूमा मनोरञ्जनसँगै अलि बढी फराकिलो ज्ञानात्मक उपदेशहरूको बाहुल्य रहेको पाइन्छ ।

यो पुस्तक गीतहरूमार्फत बालबालिकालाई मनोरञ्जन प्रदान गर्न, केही उपदेश र सन्देश सम्प्रेषण गर्न, सकारात्मक सोचको विकास गर्न, पठन र सिकाइ संस्कृतिको विकास गर्न र अन्ततोगत्वा देशप्रतिको प्रेम र कर्तव्यबोध गराउन सहयोगी सिद्ध हुने छ । साथै, यो पुस्तकमा सम्पादक ढुंगानाका तर्फबाट बालगीतको इतिहासदेखि वर्तमानसम्मको व्याख्या र विश्लेषण गरिएकाले अध्ययन र अध्यापनमा संलग्न व्यक्तिका लागि पनि यो पुस्तक उत्तिकै उपयोगी हुने छ ।

नेपाली बालगीतको सिद्धान्त, परम्परा र प्रवृत्तिको विस्तृत विश्लेषणले बालगीतका बारेमा जान्न चाहने गम्भीर पाठकका लागि पनि यो पुस्तक अतिउपयोगी हुने छ । संग्रहमा परेका बालगीतहरूको प्रवृत्ति केलाउँदै ती गीतहरूलाई जागरणमुखी भाव सम्प्रेषण, स्वाभाविक बालचरित्रको चित्रण, माटोको माया, स्वास्थ्यप्रति सजगता, कल्पनाको संसार, आख्यानात्मकता, पठन संस्कृतिको जग, औपदेशिकता, प्रेरणा, प्रोत्साहन र आत्मविश्वास, जैविक वातावरण, बिम्बका रूपमा बालबालिका आदि शीर्षकमा विस्तृत विश्लेषण गरिएको छ । यसले बालगीत लेख्न चाहनेहरूलाई मार्गदर्शन पनि गर्ने छ ।

यति गहकिलो ४०० बढी पृष्ठको बालगीतसंग्रह प्रकाशित भएको हालसम्म सम्भवतः यो नै पहिलो हो । यस हिसाबले पनि यो पुस्तक नेपाली बालगीतको क्षेत्रमा कोशेढुंगा नै साबित हुने छ भन्दा अतिशयोक्ति हुने छैन । यद्यपि, यो पुस्तकको प्रथम संस्करण ६०० प्रति मात्र छापिएको हुँदा कति बालबालिकाको हातमा यो पुस्तक पुग्छ भन्ने प्रश्नचाहिँ उठ्न सक्छ । सम्पादक, सम्बन्धित गीतकार र प्रकाशकको दराजमा थन्क्याउने दस्तावेजकै रूपमा मात्र यसको प्रकाशन भएको हो भने यो पुस्तकबाट बालबालिका लाभान्वित हुने सम्भावना कम देखिन्छ । यसतर्फ प्रज्ञाप्रतिष्ठानले गम्भीर ध्यान देओस् । छुटेका बालगीतकारलाई पनि समेटेर दोस्रो संस्करणमा जानु उपयुक्त हुने देखिन्छ । बालबालिकाका लागि लेखिएको पुस्तक बालबालिकासम्म पुऱ्याउने प्रबन्ध हुनु आवश्यक छ ।

कविता

## विपरिवर्तन



**रूपक अलङ्कार**

वर्ग संघर्षका यात्रु चिल्ला गाडी चढी हिँडे
कुदे गन्तव्य बिर्सेर सोझै महलमा छिरे
पार्टी विधान खाँदै छन् चियापत्ती बनाएर
हिजोका असली नेता सिद्धिँदै छन् गनाएर ।

साम्राज्यवादको हड्डी झोल विस्तारवादको
पुँजीवादी मुछी भात थालमा मार्क्सवादको
अपान वायु चल्दै छ पार्टीको रणनीतिमा
सङ्लिन्छ के गरी भेल यो हाम्रो राजनीतिमा ?

हिजो संग्रामका मुठ्ठी मगन्ते अँजुली भए
विचार वादको ओड्ने फाटेका काँचुली भए
सुनको पिँजडा किन्दा तिमी आफैं भयौ सुगा
के हो सत्य सबै जानून् खोल नाटकका लुगा ।

शक्ति जम्मा गरी कोही सत्ताको तर पौडिने
थोत्रो झोला भिरी कोही सिद्धान्तपथ दौडिने
एउटै बोटमा फल्छन् पोटिला चाउरे फल
कस्तो विभेद हो यस्तो को माथि, को भयो तल ?

कोही कुवा बनी बस्ने कोही बग्ने नदी बनी
राष्ट्रका सम्पदा जे छन् जुवा खेल्ने गनीगनी
बिचौलिया भएका छन् पार्टी नेतृत्व आखिरी
जनाधिकारका घाती नेता हुन् भन्नू के गरी ?

गजल



**शान्ति शर्मा**

जहाँ जम्छ पानी उहीँ जिन्दगानी
छऱ्यो फूल सेतो सगरले बिहानी

तिमीझैं छ जादू कता लुक्छ-लुक्छ
चुमूँ गोल चम्पा लगाऊँ सिरानी

बगैँचा सजाऊन् कुसुमका कलीले
मिलनमा खुलेका अधर भाग्यमानी

पलकमा म लेखूँ सफा नाम तिम्रो
हियामा उदायो भुलेको जवानी ।

# श्रमिकका लागि सहयोगी पुस्तक

समीक्षा



■ शिव विक 'मिलन'

> *बाध्यतावश रोजगारीमा जाँदै गरेका युवाहरूका लागि 'वैदेशिक रोजगारमा श्रम अधिकार' पुस्तक निकै उपयोगी हुने देखिन्छ । यस्ता पुस्तकका सामग्रीले उनीहरूले जानुपूर्व थाहा पाउनुपर्ने कुरासँगै गइसकेपछि के गर्ने भन्ने पनि धेरै ज्ञान दिन्छन्, जुन एक खालको तालिम बराबर नै हो...*

वैदेशिक रोजगारीको क्षेत्रमा विभिन्न तह र तप्काबाट प्रत्यक्ष वा परोक्ष रूपमा योगदान दिने व्यक्तिहरूमा ख्यामनारायण मानन्धर पनि एक हुन् । स्याङ्जाको हरिनास स्थायी बसोबास भएका मानन्धर हाल काठमाडौंको टोखामा बस्छन् ।

वैदेशिक रोजगारीसँग सम्बन्धित विभिन्न संस्थाहरूमा महत्त्वपूर्ण जिम्मेवारीमा काम गरिरहेका मानन्धर वैदेशिक रोजगार अभिमुखीकरण तालिम प्रशिक्षकसमेत हुन् । उनले लामो समयदेखि नै वैदेशिक रोजगारीमा जाने श्रमिकहरू, वैदेशिक रोजगार संस्था, अभिमुखीकरण संस्था र अन्य सरोकार सबैका लागि अध्ययनयोग्य उपयोगी पुस्तक प्रकाशन गर्दै आएका छन् । २०६१ सालदेखि हालसम्म १९औं संस्करणका रूपमा 'वैदेशिक रोजगारमा श्रम अधिकार' नियमित प्रकाशन गर्दै आएका हुन् ।

पुस्तक लेखनका अतिरिक्त लेखक मानन्धरले विभिन्न राष्ट्रिय दैनिक पत्रिकाहरू र अनलाइन मिडियाहरूमा आफ्नो कार्यक्षेत्रका बारेमा समय सापेक्ष विचार सम्प्रेषण गर्दै आएका छन् । आगामी दिनहरूमा पनि उनको कलमले निखारता पाइरहोस् भन्ने हाम्रो शुभकामना पनि छ ।

१९औं संस्करणका रूपमा प्रकाशित



पुस्तकमा समग्र वैदेशिक रोजगारका सबै क्षेत्रलाई सन्तुलित ढंगले विश्लेषण गरी तथ्यांकहरूको संयोजन गरिएको पाइन्छ । वैदेशिक रोजगारीमा जाने श्रमिकहरूका सूचनाको हक र अधिकारलाई केन्द्रमा राखेर प्रकाशित यो पुस्तकभित्रका सबै सामग्रीहरू अध्ययनयोग्य मात्र छैनन्, निकै उपयोगी पनि देखिन्छन् ।

देशगत परिचयहरू समेटिएको यो पुस्तकमा हरेक संस्करणमा परिमार्जित वा थप विवरणहरू समेट्दै प्रकाशन भइरहेका छन् । वैदेशिक रोजगार ऐन तथा नियमावलीहरूको संक्षिप्त विवरण, वैदेशिक रोजगारसँग सरोकार निकायहरूको काम, कर्तव्य र अधिकार, कामदारहरूको सूचनाका हकमा बीमा, विप्रेषण, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष, शेयर बजारसम्बन्धी सूचीका विषयवस्तुहरू निकै नै उपयोगी छन् । सबैभन्दा महत्त्वपूर्ण पक्ष वैदेशिक रोजगारका हकमा प्रयोगमा आउने निवेदनका ढाँचाहरूको अनुसूचीहरू अनिवार्य बुझ्नै पर्ने खालका छन् ।

वैदेशिक रोजगारीमा जाने अधिकांश युवाहरू धेरै कुरामा अनभिज्ञ रहेका पाइन्छ । बाध्यतावश रोजगारीमा जाँदै गरेका युवाहरूका लागि यस्ता पुस्तक निकै उपयोगी हुने देखिन्छ । यस्ता पुस्तकका सामग्रीले उनीहरूले जानुपूर्व थाहा पाउनुपर्ने कुरासँगै गइसकेपछि के गर्ने भन्ने पनि धेरै ज्ञान दिन्छन्, जुन एक खालको तालिम बराबर नै हो । वैदेशिक रोजगारका क्षेत्रमा यस्ता अध्ययन उपयोगी पुस्तकहरू कमै छन् । राज्यले पनि यस्ता प्रकाशनहरूलाई प्रोत्साहन गर्दै वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको अधिकार सुरक्षित गर्नुपर्ने अवस्था छ ।

# समानीकरणको अनुदान नपठाउँदा प्रदेशलाई आर्थिक भार

**सरु भुसाल/मध्यान्ह**
भालुवाङ, २५ माघ

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले संघीय सरकारले गत वर्ष समानीकरणको अनुदान रकम नपठाउँदा प्रदेश सरकारलाई आर्थिक भार थपिएको बताएका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीले सात वटै प्रदेशका मुख्यमन्त्रीहरुसँग गरेको भर्चुअल बैठकमा लुम्बिनी प्रदेशको तर्फबाट सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले समानीकरणको अनुदान रकम प्राप्त नहुँदा प्रदेश सरकारलाई दुई अर्ब बढी आर्थिक दायित्व थपिएकाले दायित्व भुक्तानी गर्ने अवस्था नभएको बताए।

अहिले थपिएको दायित्व भुक्तानी गर्न असजिलो भएको भन्दै संघीय सरकारको उनले ध्यानाकर्षण गराए। 'गत वर्षको दायित्व प्रदेशमा थपिएको छ। समानीकरण अनुदानको बजेट नआउँदा प्रदेशलाई आर्थिक दायित्व थपियो' उनले भने 'यस बारेमा संघीय सरकारले पुनर्विचार गरेर सम्बोधन गरेमा सहज हुने थियो। अहिले काम सम्पन्न योजनाको पैसा तिर्न सक्ने अवस्था छैन।'

लुम्बिनी प्रदेशमा संघीय सरकारबाट हस्तान्तरण भएका ठेक्का आयोजनामा



चालु आर्थिक वर्षमा संघीय सरकारले बजेट विनियोजन नगर्दा समस्या परेको समेत भन्दै ओलीको ध्यानाकर्षण गराए। सडक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत १० वटा आयोजनामा बजेट नहुँदा कार्यान्वयन गर्न समस्या परेको मुख्यमन्त्रीको गुनासो छ।

खानेपानी आयोजनाहरुमा पनि आवश्यक भन्दा थोरै बजेट हुँदा अन्तिम चरणमा पुगेका आयोजनाहरुलाई समेत सम्पन्न गर्न चूनौती थपिएको मुख्यमन्त्री आचार्यले गुनासो गरे।

प्रदेशमा संघीय सरकारमार्फत सञ्चालन भएका पूर्वाधार अन्तर्गत सडक तथा सिँचाई आयोजनाको गति बढाउन र समयमा सम्पन्न गर्नेतर्फ उनले जोड दिए।

प्रदेश सरकारले चार वटा आयोजनालाई प्रदेश गौरवको आयोजनाको रुपमा अघि बढाएको, कामहरुले गति लिएको मुख्यमन्त्री आचार्यले प्रधानमन्त्रीलाई जानकारी गराए।

भौतिक प्रगतीको आधारमा भुक्तानी गर्न बजेट अभाव रहेको भन्दै स्रोत सुनिश्चितताको लागि आग्रह गरेका थिए। प्रदेशमा सबै बालीको लागि २ लाख ५५ हजार मेट्रिक टन रासायनिक मल आवश्यक पर्ने भएपनि वार्षिक ९६ हजार मेट्रिक टनको आधारमा प्राप्त हुने गरेको, रासायनिक मल आवश्यकताको आधारमा किसानलाई उपलब्ध गराउन नसकिएको, वितरण प्रक्रियालाई सहज बनाउन उनले आग्रह गरे।

प्रदेश सरकारले सुशासन, पारदर्शीता र भ्रष्टाचार अन्त्यकालागि नीतिगत सुधार गरेर कार्यसम्पादन गरिरहेको, फजुल खर्च कटौतीलाई प्राथमिकतामा राखेको उनले जानकारी गराए। पूर्व विशिष्ट व्यक्तिलाई दश वर्षसम्म सुविधा दिने निर्णय वर्तमान सरकारले खारेज गरेको, पाँच वर्षे भ्रष्टाचारविरुद्धको रणनीतिक योजना कार्यान्वनयमा लगेको, मुख्यमन्त्री, मन्त्रिहरुलाई आचारसंहिताको कसिमा राखेको जस्ता महत्वपूर्ण निर्णयहरु गरेको बारेमा समेत जानकारी गराएको मुख्यमन्त्रीका स्वकीय सचिव कुसल भुसालले जानकारी दिए।

# अपराध नियन्त्रणविरुद्ध कठोर रूपमा प्रस्तुत हुन निर्देशन

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २५ माघ

लुम्बिनी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक (डीआइजी)दानबहादुर कार्कीले गुण्डागर्दी चोरी, निकासी, जुवातास, हिंसा लगायतका गलत कामविरुद्ध प्रहरी कठोररुपमा प्रस्तुत हुने बताएका छन्।

शुक्रबार जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीको मातहत बल्कोटमा निर्माण सम्पन्न भएको बल्कोट प्रहरी चौकीको भवन उद्घाटन गर्दै उनले समाजमा हुने खराब क्रियाकलापको अन्त्य गर्नका लागि नेपाल प्रहरी कठोर बनेर काम गर्ने बताए।

प्रहरी नायव महानिरीक्षक कार्कीले नियम कानुन विपरीतका कार्यमा प्रहरी संगठन शून्य सहनशीलताको नीति अवलम्बन गरेकोले सोही अनुरुप काम गर्नुपर्नेमा जोड दिए। 'प्रहरी राम्रो मात्रै काम गर्नका लागि हो, नराम्रो गर्ने छुट कसैलाई छैन' उनले भने।

लुम्बिनी प्रदेश प्रहरी प्रमुख कार्कीले समुदाय-प्रहरी साझेदारी कार्यक्रममार्फत् सबै तहका नागरिक समुदायसँग सहकार्य गरी विकासका गतिविधिलाई सहयोग गर्ने नेपाल प्रहरीको उद्देश्य रहेको स्पष्ट पारे।

समुदाय-प्रहरी साझेदारी अन्तर्गतको सहकार्यमा सुरक्षा लगायतका विभिन्न जनचेतनामूलक कार्यहरुमार्फत शान्तिसुरक्षा कायम गरी सुरक्षित समाजको निर्माण गरी विकासका गतिविधिमा समेत सहयोग गर्ने नेपाल प्रहरीको



उद्देश्यलाई सबै पक्षबाट सहयोगको अपेक्षा गरिएको कार्कीले बताए। नयाँ भवनबाट सम्पादन हुने प्रहरी कार्य पनि थप ऊर्जामय, नवीन सोच र उच्चस्तरको हुनुपर्ने चर्चा गर्दै नागरिकको सुरक्षामा अझ बढी मेहनत र व्यावसायिकताको साथ प्रस्तुत हुनुपर्ने कार्कीले बताए।

नागरिकमैत्री, सेवामुखी भावका साथ सम्पूर्ण स्थानीयवासीहरूले भय र त्रासरहित वातावरणमा आ-आफ्नो दैनिक क्रियाकलाप, उद्योग, व्यापार, रोजगार तथा व्यवसाय गर्न पाउने वातावरण निर्माणमा अहोरात्र कटिबद्ध रहन उपस्थित प्रहरी अधिकृतहरूलाई उनले निर्देशन दिए।

डीआइजी कार्कीले समाजमा अशान्ति र अराजकता फैलाउने उश्रृंखल तथा आपराधिक समूह, सामाजिक हित विपरीतका गैरकानूनी र अनैतिक कार्य गर्नेविरूद्ध खरो रूपमा प्रस्तुत भइ कुनै किसिमको दबाब र प्रभावमा नपरी शून्य सहनशीलताका साथ कार्य सम्पादन गर्न पनि प्रहरी कर्मचारीहरूलाई निर्देशन दिए।

नागरिकसँगको उचित समन्वय र सहकार्यमा कानून विपरीतका गतिविधि नियन्त्रण गरी समाजमा प्रभावकारी शान्ति सुरक्षा व्यवस्था कायम गर्न सकिने उल्लेख गर्दै स्थानीय जनसमुदायलाई प्रहरीसँग निरन्तर समन्वय, सहकार्यको लागि उनले आग्रह समेत गरे।

'अपराध नियन्त्रण गर्ने प्रमुख भनेकै सूचना हो,' उनले भने, 'जुन सूचना नागरिकसँग हुन्छ, प्रहरीलाई सही सूचना समयमा दिएमा प्रहरीलाई अनुसन्धान गर्न सहज हुन्छ र अपराधजन्य घटना न्यूनीकरण गर्न पनि सजिलो हुन्छ।' कार्कीले अर्घाखाँची प्रहरीले अपराध नियन्त्रणमा उल्लेखनीय भूमिका खेलेको बताए।

कार्यक्रममा छत्रदेव गाउपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी बाबुराम अर्याल, जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख चक्रबहादुर मल्ल, पत्रकार महासघ अर्घाखाँचीका अध्यक्ष गणेश खनालले शुभकामना मन्तव्य राखेका थिए। बल्कोटमा निर्माण कार्य सम्पन्न भएको सो प्रहरी चौकी २ करोड ९२ लाखको लागतमा रन्जित रन्जन कन्ट्रक्सनले निर्माण सम्पन्न गरेको थियो।

# समृद्ध मुलुक निर्माण गर्ने अभियानमा लाग्न मन्त्री राणाको आग्रह



**सुदूरपश्चिम/मस–** परराष्ट्रमन्त्री एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा.आराजु राणा देउवाले पर्यटन प्रवर्द्धनका माध्यमबाट मुलुकको आर्थिक विकासमा सबै एकजुट भएर लाग्नुपर्ने बताएकी छन्।

शुक्रबार धनगढीमा आयोजित नेपाली कांग्रेस कैलालीको दोस्रो जिल्ला अधिवेशनमा उनले पार्टीको नीति एवं मार्गदर्शनबमोजिम सकारात्मक सोचसहित पार्टी संगठनमा बलियो बनाउँदै समृद्ध मुलुक निर्माण गर्ने अभियानमा लाग्न सबैलाई आग्रह गरिन्।

सामाजिक सञ्जालको दुरुपयोग गरी 'यो देशमा केही पनि भएको छैन' भन्ने जस्ता सन्देश दिने प्रवृत्ति बढिरहेकाले त्यस्ता नकारात्मक सन्देशलाई सबैले बहिष्कार गर्दै जानुपर्ने धारणा राखिन्। उनले सामाजिक सञ्जालको सही सदुपयोग गर्दै ज्ञान, सीप र विचार आदानप्रदान गर्न सबैलाई आग्रह गरिन्। परराष्ट्रमन्त्री डा.राणाले हमासको नियन्त्रणमा रहेका विपिन जोशीको रिहाइका लागि आफूले निरन्तर प्रयास गरिरहेको जानकारी दिइन्।

कांग्रेसका केन्द्रीय सदस्य एवं पार्टीले थालेको सयदिने अभियान कैलाली प्रतिनिधि योगेन्द्र चौधरीले देशका जातजाति, विभिन्न वर्ग र समुदाय, भाषाभाषीका लागि कांग्रेस साझा पार्टीका रूपमा रहेको धारणा राखे। उनले कांग्रेसकै नेतृत्वमा कमैयाप्रथा र दासप्रथाको उन्मूलन भएको इतिहास स्मरण गरे।

उनले आगामी २०८४ को निर्वाचनमा तीनै तहमा बहुमत ल्याएर आफ्नो नीति कार्यक्रममार्फत जनताको मुहार फेर्ने अभियानमा पार्टी रहेकाले आवश्यक समन्वय र सहकार्य गर्न सम्पूर्ण पार्टी कार्यकर्तालाई आग्रह गरे।

पार्टीका जिल्ला सभापति नारायणदत्त भट्टको अध्यक्षतामा भएको समारोहमा पार्टीका केन्द्रीय सदस्य सुशीला मिश्र भट्ट, नृपबहादुर ओड, डा.रणबहादुर रावल, रामजनम चौधरी, डा.जीवन रानालगायत व्यक्ताले पार्टी संगठनका बारेमा आ-आफ्नो धारणा राखेका थिए।

अधिवेशनमा पार्टीको कार्ययोजनासहित विविध विषयमा छलफल हुने जिल्ला सचिव नृप सुनारले जानकारी दिए।

# नगर प्रमुख आलमद्वारा इस्तेमाको स्थलगत अनुगमन



**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २५ माघ

रौतहट राजपुर नगरपालिकाका नगरप्रमुख डा.मोहम्द राजिक आलमले मद्रासा महमुदियामा सञ्चालन हुन गइरहेको तीन दिने इस्तेमाको स्थल निरीक्षण गरेका छन्। अनुगमनका क्रममा नगर प्रमुख आलमले आयोजनाको तयारीबारे जानकारी लिँदै व्यवस्थापन पक्षका लागि आवश्यक निर्देशन दिएका थिए।

उक्त इस्तेमामा मधेश प्रदेश आठौं जिल्लालगायत र स्थानीय समुदायको उल्लेख्य सहभागिता रहने अपेक्षा गरिएको छ। नगरपालिकाले उचित व्यवस्थापन र सुरक्षाका उपायहरू लागू गर्न विशेष ध्यान दिने प्रतिबद्धता जनाएको छ। अनुगमनका क्रममा नगर प्रमुख आलमसँग स्थानीय अधिकारीहरू,सुरक्षाकर्मी तथा आयोजक समितिका सदस्यहरू समेत उपस्थित रहेको थियो। राजपुरमा आयोजना हुने उक्त इस्तेमा धार्मिक प्रवचन हुनेछ। नगरप्रमुख आलमले यसलाई व्यवस्थित रूपमा सम्पन्न गर्न नगरपालिका सबै रूपमा सहयोग गर्न तयार रहेको बताए।

# ६० प्रतिशत बढी काम सम्पन्न गरें : नगर प्रमुख साह

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २५ माघ

रौतहट गौर नगरपालिकाका प्रमुख शम्भु साहले आफ्नो कार्यकालमा ६० प्रतिशत बढी काम सम्पन्न गरिसकेको बताएका छन्।

२०७९ मा नेकपा एसबाट निर्वाचित मेयर साहले आफुले प्रतिबद्धता गरेअनुसारको विकास कार्यमा निरन्तरता दिइरहेको बताए।

नगरपालिकामा मठ मन्दिर, रोड, नाला, कृषि, सडक, आरसीसी एवं पिसीसी सडक ढलान, विद्यालय भवन,जेष्ठ नागरिक सम्मान, डिजिटल कक्षा संचालन,अनलाइन कक्षा, छात्रछात्रालाई ब्याग वितरण लगायतका कामहरु सम्पन्न



गरिसकेका छन्।

यस्तै कान्तिद्वार प्रवेशमा गमलासहितको सौन्दर्यकरण, शिवालय पोखरी सौन्दर्यकरण, बरहवा घाटको सौन्दर्यकरण, बरहवा झोलुंगे पुल निर्माणको काम नगरप्रमुख साहको निर्देशनमा सम्पन्न भइसकेको छ।

साथै नगरपालिकामा ठूलो योजनाको रुपमा पण्डित मंगल उपाध्याय बहुमुखी क्याम्पस गौर-२, बानेश्वर नाथ झोलुंगे पुल गौर २, घण्टाघर गौर-५,टाउन हल गौर-२, कोल्ड स्टोर गौर-२, विवाह भवन गौर-४, विवाह भवन गौर-२, विवाह भवन गौर-८, नगर प्रवेशद्वार गौर-७, पशुसेवा केन्द्र अस्पताल गौर-१,बानेश्वर नाथ मन्दिर महादेवपट्टी पुरातात्विक स्थल प्रमाणित गौर-२ लगायत अरु ठूला योजनाहरु ल्याउने प्रयास जारी रहेको नगरप्रमुख साहले बताए।

# कृषि ऐन ल्याउने सरकारको तयारी




**चितवन/मस–** कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले सबै किसानलाई समेट्ने गरी कृषि ऐन ल्याउने तयारी सरकारले गरेको बताएका छन्। प्रथम राष्ट्रिय डेरी एक्स्पो २०८१ को शुक्रबार उद्घाटन गर्दै उनले सरकारले किसानको हितका लागि पहिलो पटक कृषि ऐन ल्याउन लागेको जानकारी दिए। उनले भने, 'केही दिनभित्र ऐनलाई मन्त्रिपरिषद्बाट पारित गरेर संसद्मा लैजाने तयारी मन्त्रालयको छ।'

उनले कृषकलाई ऐनमा समावेश गर्नुपर्ने सुझाव दिनसमेत आग्रह गरे। कृषि ऐन बनेसँगै किसानका समस्या समाधानका लागि सहज हुने उनको भनाइ छ। उनले भने, 'ऐन बनिसकेपछि नेपाली किसान पनि निर्यात गर्ने क्षमतामा पुग्ने छन्।'

पछिल्लो समय दुग्ध उत्पादक किसानले भुक्तानी नपाएको विषयमा उनले भने, 'हामीले ज-जसलाई विश्वास गरेर जिम्मेवारी सुम्पियौं त्यही ठाउँबाट इमान्दारिताका साथ काम हुन नसक्दा समस्या भयो, दूधको पैसा भुक्तानी नभएकोमा लज्जित छु। किसानसँग रु ६५ मा उधारो किन्ने र रु एक सयमा बेचेर किसानलाई पैसा नदिने यो हुन सक्दैन।'

कार्यक्रममा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारी, भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारी, कृषि तथा वन विज्ञान विश्वविद्यालयकी उपकुलपति शारदा थपलियालगायतले कृषि क्षेत्रले भोग्नुपरेका समस्या र समाधनमा राज्यको भूमिकाबारे बोलेका थिए।

चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ र चितवन उद्योग संघ चितवनको संयुक्त आयोजनामा सञ्चालन गरिएको प्रथम राष्ट्रिय डेरी एक्स्पो तीन दिनसम्म चल्नेछ। चितवन उद्योग संघका कार्यवाहक अध्यक्ष मदन घिमिरेले पहिलो पटक राष्ट्रिय डेरी एक्स्पो गरिएकाले यसले दुग्ध उत्पादक किसानलाई फाइदा पुग्ने बताए। ७० वटा दूध र दुग्धजन्य उत्पादनको प्रदर्शनी कक्ष रहेको सो एक्स्पोको ५० हजार दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ।

# प्रदेशसभामा विशेष सम्बोधनका लागि प्रधानमन्त्रीलाई निमन्त्रणा



**लुम्बिनी/मस–** लुम्बिनी प्रदेशसभाले प्रधानमन्त्री केपी शर्मा ओलीलाई प्रदेशसभा बैठकमा विशेष सम्बोधनका लागि निमन्त्रणा गरेको छ।

आगामी फागुन ५ गते सोमबार बस्ने प्रदेशसभाको बैठकमा विशेष सम्बोधनका लागि शुक्रबार प्रधानमन्त्री ओलीलाई निमन्त्रणा गरिएको प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले जानकारी दिए।

सभामुख तुलाराम घर्ती मगरले मुख्यमन्त्री आचार्यमार्फत प्रधानमन्त्री ओलीलाई विशेष सम्बोधनका लागि आज निमन्त्रणा गरेका हुन्। लुम्बिनी प्रदेशसभा नियमावली, २०७९ को नियम २२० को उपनियम ९२० बमोजिम निमन्त्रणा गरिएको छ। प्रधानमन्त्री ओलीले फागुन ५ गते प्रदेशसभाको बैठकलाई बिशेष सम्बोधनपछि दाङको घोराहीमा आयोजना हुने सभालाई सम्बोधन गर्ने र ६ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको सिनेट बैठकमा सहभागी हुने कार्यक्रम तय भएको मुख्यमन्त्री आचार्यले बताए।

# गण्डकीमा बने १०४ सडक पुल र ८४ झोलुङ्गे पुल

**कास्की/मस–** गण्डकी प्रदेश सरकार बनेयता प्रदेशभित्र १०४ सडक पुल र ८४ वटा झोलुङ्गे पुल निर्माण भएका छन्। प्रदेश सरकारको लगानीमा ती पूर्वाधार आयोजना बनेका हुन्। भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलका अनुसार सडक पुल र झोलुङ्गे पुल निर्माण प्रदेश सरकारको प्रमुख हस्तक्षेपकारी कार्यक्रम हो।

हाल ६५ वटा सडक पुल निर्माणाधीन अवस्थामा रहेको र २५ वटा सडक पुलको विस्तृत आयोजना प्रतिवेदनको तयारीको प्रक्रियामा रहेको मन्त्रालयको योजना अनुगमन, मूल्यांकन तथा अन्य पूर्वाधार महाशाखाका प्रमुख डा.महेन्द्र बानियाँले जानकारी दिए। प्रदेशका विभिन्न स्थानमा गरी थप १७ वटा झोलुङ्गे पुल निर्माणका लागि पूर्वाधार तयारीको काम अगाडि बढेको उनले बताए। प्रादेशिक सडक गुरुयोजना निर्माणमा जुटेको मन्त्रालायले सडक र पुल आयोजनामा लगानी बढाउँदै लगेको छ। प्रदेश सरकारले सबै स्थानीय तहसम्म सडक सञ्जाल पुऱ्याउने



लक्ष्यका साथ सडक विस्तार तथा स्तरोन्नतिलाई तीव्रता दिएको महाशाखा प्रमुख डा.बानियाँले बताए।

'एक निर्वाचन क्षेत्र, एक सडक कार्यक्रम'अन्तर्गत ३६ सडक आयोजना सञ्चालनमा रहेको उनको भनाइ छ। ती आयोजनाको कूल लम्बाई ६७१ किमि रहेकामा हालसम्म २०० किमि सम्पन्न भएको र दुई सय ३१ किमि सडक स्तरोन्नतिका क्रममा रहेको जनाइएको छ। स्थानीय तहका केन्द्र जोड्ने कूल ६०७ किमि रहेकामा हालसम्म दुई सय १९ किमि सम्पन्न भई २१६ किमि सडक स्तरोन्नति भइरहेको छ। प्रदेश स्थापना भएयता सात वर्षमा कूल ९२३ किमि कालोपत्र/ढलान र ७०० किमि सडक ग्राभेल भएको छ। सडक र पुल निर्माणले सहज आवातजावत, कृषि उपजको बजारीकरण, पर्यटन प्रवर्द्धन आदिका लागि मद्दत पुऱ्याएको छ।

मन्त्रालयले राष्ट्रिय राजमार्गका वैकल्पिक सडक, एक निर्वाचन क्षेत्र-एक सडक, स्थानीय तहको केन्द्र जोड्ने, अन्तरजिल्ला, अन्तरपालिका जोड्ने रणनीतिक महत्वका सडकलाई गौरवका आयोजनाका रुपमा अगाडि बढाएको छ। सडकको पहुँच पुगे पनि समयमा पुल निर्माण नहुँदा वर्षायाममा ग्रामीण भेगको यातायात सेवा प्रभावित हुँदै आएकामा पछिल्लो समय उक्त समस्या कम हुँदै गएको छ। पुल निर्माणले गति लिन थालेपछि प्रदेशस्तरका सडकमा बाह्रैमास यातायात सञ्चालनका लागि सहजता थपिएको हो। मन्त्रालयले पुलको ठेक्का लिएर समयमा काम नगर्ने निर्माण कम्पनीलाई सचेत गराउन थालेपछि निर्माणको क्रममा रहेका पुलको कामले पनि गति लिएको छ। महाशाखा प्रमुख डा.बानियाँले निर्माणाधीन अवस्थामा रहेकामध्ये ३५ सडक पुल बहुवर्षीयमा आयोजनामा समेटिएको जानकारी दिए।

# राष्ट्रिय गौरवका आयोजनामा २५ दशमलव ७० प्रतिशत खर्च



**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ माघ ।

सरकारले विकास निर्माणमार्फत नागरिकलाई सहज सेवा प्रदान गर्ने, आर्थिक वृद्धि गर्ने लक्ष्यका साथ सुरू गरेका राष्ट्रिय गौरवका आयोजनाको प्रगति सन्तोषजनक नभएको पाइएको छ । सरकारले सबै खालका साधन तथा स्रोत उपलब्ध गराएको भए पनि त्यस्ता आयोजनाको प्रगति अपेक्षित हुन नसकेको पाइएको छ ।

कूल २७ वटा राष्ट्रिय गौरवका आयोजनामध्ये चालु आर्थिक वर्षमा १९ वटा आयोजनाका लागि जम्मा ६६ अर्ब ७५ करोड तीन लाख विनियोजन गरिएको थियो । गत पुस मसान्तसम्मको अवधिमा जम्मा १७ अर्ब १५ करोड ३२ लाख खर्च भएको छ । जस अनुसार राष्ट्रिय गौरवका आयोजनाको समीक्षा अवधिमा २५ दशमलव ७० प्रतिशत खर्च भएको छ ।

आर्थिक वर्ष २०६८/६९ को सुरूमा १७ वटा राष्ट्रिय गौरवका आयोजना पहिचान गरिएकामा नेपाल सरकारले आवश्यकता र औचित्यताको आधारमा क्रमागत तथा नयाँ आयोजनालाई समेत समावेश गरेको थियो । त्यस्ता आयोजनाको संख्या विस्तार गरी २७ वटा पुगेकामा सम्पन्न भइसकेका र कार्य प्रारम्भ नभएका बाहेक आर्थिक वर्ष २०८१/८२ सम्म आइपुग्दा १९ आयोजना कार्यान्वयनमा छन् ।

आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय गौरवका आयोजनाको लागि ६० अर्ब ३८ करोड ७१ लाख खुद बजेट विनियोजन गरिएकामा ५४ अर्ब २४ करोड आठ लाख खर्च भई वित्तीय प्रगति ८९ दशमलव ८२ प्रतिशत र भौतिक प्रगति ५७ दशमलव ५० प्रतिशत भएको अर्थमन्त्रालयले जनाएको छ ।

# विपन्नलाई जलविद्युत्को शेयर दिन ऊर्जामन्त्रीको सक्रियता



**काठमाडौं/मस-** उर्जा, जलस्रोत तथा सिंचाईमन्त्री दीपक खड्काले जलविद्युतको शेयरमार्फत गरिब तथा विपन्न नागरिकको जीवनस्तर उकास्न आवश्यक पर्ने शेयर लगानीका विषयमा सरोकारवाला निकायसँग छलफल गरेका छन् ।

मन्त्री खड्काले जनताको जलविद्युत कार्यक्रमको दोस्रो संशोधनमार्फत विना धितो गरिब तथा विपन्न वर्गलाई दुई लाख देखि पाँच लाख रुपैयाँसम्म शेयर दिनेबारे शुक्रबार अर्थ मन्त्रालय, बैंकिङ क्षेत्र र उर्जा उत्पादकसँग छलफल गरेका हुन् । उर्जामन्त्री खड्काले दिनभर काम गरेर विहान बेलुका छाक टार्न समस्या भएका नागरिकलाई लक्षित गरी सरकारले विना धितो सहुलियतपूर्ण व्याजदरमा शेयर पाउने व्यवस्था गर्न लागेकाले यसलाई कार्यान्वयन गर्न सबैको साथ र सहयोग आवश्यक रहेको बताए ।

'गरिब तथा विपन्न वर्गलाई समृद्ध बनाउन नसकेसम्म हामीले कल्पना गरेजस्तो समृद्ध नेपाल निर्माण हुन सक्दैन, उक्त वर्गलाई समृद्ध बनाउन दायित्व तपाई हामी सबैको हो,'- मन्त्री खड्काले भने । प्राकृतिक स्रोतमाथिको अधिकार सबैको भएकाले तल्लो वर्गको लागि सबैले सोच्नुपर्ने उनको भनाई थियो ।

स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था (इप्पान) नेपालका अध्यक्ष गणेश कार्कीले जनताको जलविद्युत कार्यक्रमअन्तर्गत जलविद्युत क्षेत्रमा थुप्रै नागरिकले लगानी गर्ने वातावरण निर्माण भएको बताउँदै उक्त कार्यक्रमलाई कार्यान्वयन गर्न निजी क्षेत्र तयार रहेको बताए । राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत (सिईओ) देवेन्द्ररमण खनाल, नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत (सिईओ) तिलकराज पाण्डेय, कृषि विकास बैंकका निमित्त सिईओ, प्रताप सुवेदी, नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालालगायतले गरिव तथा विपन्न वर्गलाई धनी बनाउनेगरी ल्याइएको उक्त कार्यक्रमलाई कार्यविधि बनाएर लागू गर्नुपर्ने बताएका थिए ।

# 'सेलिब्रेटिङ फेलोसिप, जर्नी अफ इम्प्याक्ट' सम्पन्न




**काठमाडौं/मस –** नबिल बैंक लिमिटेडले नबिल स्कुल अफ सोसल इन्टरप्रेनरसिप (नबिल एसएसई) अन्तर्गत सञ्चालित फेलोसिप कार्यक्रमको 'सेलिब्रेटिङ फेलोसिप, जर्नी अफ इम्प्याक्ट' कार्यक्रम सम्पन्न गरेको छ । बिहीबार कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालयमा आयोजित एक कार्यक्रममा फेसोसिप कार्यक्रमका दोस्रो र तेस्रो कोहर्टका सहभागीहरूलाई प्रमाणपत्रसहित बिदाइ तथा चौथौ कोहर्टका सहभागीहरूको स्वागत गरिएको हो ।

बैंकले त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायअन्तर्गत स्कुल अफ म्यानेजमेन्टसँगको सहकार्यमा समाजमा उद्यमशीलताका माध्यमबाट सामाजिक समस्याको दीर्घकालीन समाधान गर्ने उद्देश्यको साथ गत तीन वर्षदेखि यो कार्यक्रम सञ्चालन गर्दै आएको हो । कार्यक्रममा फेलोसिप कार्यक्रमका सहभागीहरूले नवीन उद्यममार्फत् प्राप्त गरेको उपलब्धि, प्रशिक्षकहरूको योगदान तथा कार्यक्रमको समग्र प्रभावबारे चर्चा गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि त्रिविका उपकुलपति प्राडा. केशरजंग बरालले उद्यमी र शैक्षिक संस्थाबीचको सहकार्य सामाजिक उद्यमशीलता प्रवर्द्धनका लागि महत्वपूर्ण भएको धारणा व्यक्त गरे । 'यो कार्यक्रमले युवाहरूमा जागिर खाने होइन, जागिर दिने मानसिकतामा परिवर्तन ल्याउनेछ,' उनले भने ।

नबिल बैंकका निर्देशक निर्वाण चौधरीले सामाजिक उद्यमशीलताको महत्वबारे चर्चा गर्दै फेलोसिप कार्यक्रमले विभिन्न कठिनाइका बाबजुद पनि नेपाली युवालाई रोजगारदाताका रूपमा अघि बढ्न प्रेरित गरिरहेको उल्लेख गरे । उनले कार्यक्रममा सहभागीका उत्पादनहरू क्रमशः परिष्कृत हुँदै गएकामा खुसी व्यक्त गर्दै नेपाली उद्यमशीलतालाई विश्व बजारसम्म विस्तार गर्न सकिने सम्भावनाबारे चर्चा गरे ।

नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सिईओ) ज्ञानेन्द्रप्रसाद ढुंगानाले फेलोसिप कार्यक्रमअन्तर्गतको चौथो समूहलाई स्वागत गर्दै यसअघिका तीन समूहका सहभागीले ४५ वटा उद्यम स्थापना गरी हालसम्म एक हजार दुई सयलाई रोजगारी उपलब्ध गराइरहेको जानकारी दिए । उनले प्रवासी नेपाली कामदारहरूले आर्जन गरेको सीप सदुपयोग गरी स्वदेशमै उद्यमशीलताको विकास गर्न सकिने धारणा राखे ।

त्यस अवसरमा फेलोसिप कार्यक्रमका दोस्रो र तेस्रो समूहका सदस्यलाई प्रमाणपत्र वितरण गरिएको थियो भने चौथो समूहलाई औपचारिक रूपमा स्वागत गरिएको थियो । साथै प्रशिक्षकहरुलाई योगदानको कदर गर्दै सम्मान गरिएको थियो । कार्यक्रममा फेलोहरूले आफूले उत्पादन गरेका विभिन्न सामानहरूको प्रदर्शनी तथा बिक्रीका लागि २० भन्दा बढी स्टलहरू राखिएका थिए ।

नबिल बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत नबिल एसएसई कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस कार्यक्रमअन्तर्गत हाल फेलोसिप प्रोग्राम र सर्टिफिकेट कोर्स सञ्चालन भइरहेका छन् । नबिल एसएसई अन्तर्गत फेलोसिप र सर्टिफिकेट कोर्समार्फत् हालसम्म एक सय १७ उद्यम स्थापना भई एक हजार दुई सयभन्दा रोजगारी सृजना भइसकेको बैंकले जनाएको छ । फेलोसिप प्रोग्राम त्रिभुवन विश्वविद्यालयको स्कूल अफ म्यानेजमेन्टसँगको सहकार्यमा सञ्चालन भइरहेको छ भने सर्टिफिकेट कोर्स सातवटै प्रदेशका ११ वटा शैक्षिक संस्थाबाट नबिल सेन्टर फर सोसियल इन्टरप्रेनरसिप स्थापना भई सञ्चालन भइरहेको छ ।

# औद्योगिक क्षेत्र सुधार गर्दै सरकार



**नवलपरासी/मस –** सरकारले औद्योगिक क्षेत्रको सुधार गरिरहेको उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले बताए । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको कावासोतीमा आयोजित आठौं नवलपुर महोत्सवको उद्घाटन कार्यक्रममा बोल्दै मन्त्री भण्डारीले औद्योगिक क्षेत्रमा आएको शिथिलतालाई सुधार गर्न सरकारले काम गरिरहेको बताएका हुन् । नेपालको कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदानलाई कसरी वृद्धि गर्ने, स्रोत र सम्भावनालाई कसरी उपयोग गर्ने भन्ने विषयमा सरकारका गतिविधि केन्द्रित रहेको उनको भनाइ छ । मन्त्री भण्डारीले भने, 'रोजगारीका सम्भावना, साना, लघु, घरेलु उद्योगलाई अगाडि बढाउँदै उद्यमशीलता विकास गर्न सकेनौं भने हाम्रो अर्थतन्त्र उठ्न सक्दैन, त्यसैले हाम्रा उद्योग, उत्पादन र व्यावसायिकतालाई अगाडि बढाउने विषयलाई केन्द्र भागमा राखेर सरकारले आफ्नो गतिविधि बढाएको छ ।' वित्तीय क्षेत्रमा ब्याजदर एक अंकमा झरेका बेलामा लगानी प्रवर्द्धन हुन नसकेको भन्दै सरकारले द्रुतमार्गबाट केही कानुनहरू संशोधन गर्न लागेको उनले जानकारी दिए । उनले धौवादी फलाम खानी राष्ट्रिय गौरवको आयोजना भएकाले यसलाई सञ्चालन गर्ने विषय सरकारको प्राथमिकतामा रहेको बताए ।

# विद्युतीय व्यापार विधेयकसम्बन्धी समितिको प्रतिवेदन पेस

**काठमाडौं/मस –**उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति अब्दुल खानले 'विद्युतीय व्यापार विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०८१' पेस गरेका छन् । सभापति खानले नेपालमा विद्युतीय व्यापारको माध्यमबाट वस्तु तथा सेवाको खरिदबिक्री बढ्दो क्रममा रहेकाले विद्युतीय माध्यमबाट हुने कारोबारलाई नियमन तथा व्यवस्थित गर्न सरकारले यो विधेयक प्रस्तुत गरेको बताए ।

विधेयकमा मुलुकमा रोजगारी सिर्जना, वस्तु तथा सेवाको सहज आपूर्ति, निर्यात पवर्द्धनलगायतका क्षेत्रमा विद्युतीय व्यापार अति आवश्यक भइसकेकाले यसलाई नियमन तथा अनुगमनका लागि तत्काल कानून बन्न आवश्यक रहेको उल्लेख छ । सूचना प्रविधिको माध्यमबाट हुने वस्तु वा सेवाको व्यापारिक कारोबारलाई नियमन गरी व्यवस्थित र विश्वसनीय बनाउन विधेयकमा विभिन्न व्यवस्था गरिएको छ ।

# नेपाल बीमक संघको अध्यक्षमा क्षेत्री



**काठमाडौं/मस –** नेपाल बीमक संघको कार्यसमिति चयन भएको छ । शुक्रबार संघको सर्वसम्मत प्रकृयाद्वारा कार्यसमिति चयन भएको हो । संघको नयाँ कार्यसमितिका लागि सबैको एक्लो उम्मेदवार परेसँगै सर्वसम्मत चयन भएको हो ।

अध्यक्षका लागि सिद्धार्थ प्रिमियर इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत (सीईओ) वीरेन्द्र बैदवार क्षेत्री र महासचिव पदमा एनएलजी इन्स्योरेन्सका सीईओ सुनिल बल्लभ पन्त सर्वसम्मत चयन भएका हुन् । यसैगरी उपाध्यक्षमा नेको इन्स्योरेन्सका सीईओ अशोककुमार खड्का, कोषाध्यक्षमा आईजीआई प्रुडेन्सियल इन्स्योरेन्सका सीईओ युगेशभक्तबादे श्रेष्ठ चयन भएका हुन् ।

संघको कार्यसमितिमा नयाँ सदस्यमा हिमालयन एभरेष्ट इन्स्योरेन्सकी सीईओ अन्जु श्रेष्ठ, द ओरिएन्टल इन्स्योरेन्सका सीईओ टोटन चक्रवर्ती र प्रभु इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत चयन भएका हुन् । संघको कार्यसमितिको कार्यकाल २ वर्षको हुने व्यवस्था छ ।

# क्यानमा चर्चित ब्रान्डका एआई डिभाइसमा आकर्षण




**काठमाडौं/मस–** भृकुटीमण्डपमा बिहीबारदेखि सुरु भएको वृहत् सूचना सञ्चार प्रविधि प्रदर्शनी क्यान इन्फोटेकमा नयाँ-नयाँ प्रविधिसहित सहभागी कम्पनीका स्टलमा अवलोकनकर्ताको चासो देखिएको छ । क्यान इन्फोटेकलाई लक्षित गर्दै प्रदर्शनी स्थलमा विभिन्न प्रविधि कम्पनी तथा संघसंस्थाहरूले आफ्नो ब्राण्ड प्रवर्द्धनसँगै विशेष छुट र अफर घोषणा गरेका छन् । प्रदर्शनीमा इन्टरनेट सेवाप्रदायक, स्थानीय सफ्टवेयर, कम्प्युटर तथा एक्सेसरिज, आईटी ट्रेनिङ तथा इन्स्टिच्युट, स्टार्टअप तथा इनोभेसन, नेटवर्किङ प्रडक्ट लगायतका स्टल रहेका छन् । एचएमसी हिक्मेसीले आफ्ना उत्पादनको विशेष प्रदर्शनीसँगै उपभोक्ताका लागि आकर्षक स्किम घोषणा गरेको छ । यसअन्तर्गत वायरलेस क्यामेरामा २० प्रतिशत, हिक्सेमीका हरेक उत्पादनमा १५ प्रतिशत, मोनिटरमा २० प्रतिशत र यूपीएसमा १० प्रतिशत छुट दिइएको छ ।

त्यस्तै मर्कन्टाइल कम्युनिकेसन्सले एसर ब्राण्डका पछिल्ला ल्यापटप र डेस्कटपसँगै इप्सन ब्राण्डका प्रिन्टर र प्रोजेक्टरको विशेष प्रदर्शनी गरेको छ । त्यस्तै नेबुला मोबिलिटीले चार्ज सकिंदा ब्याट्री नै फेर्न मिल्ने गोगोरो स्कुटरमा विशेष स्किम राखेको छ । यसअन्तर्गत ग्राहकले काठमाडौं सहरभित्र १ हजार किलोमिटर निःशुल्क यात्रा गर्न सक्नेछन् भने निःशुल्क टेस्ट ड्राइभका साथै लक्की ड्र अफर दिइएको छ ।

वर्ल्डलिंक कम्युनिकेसन्सले आफ्ना ग्राहकलाई बोट एयरड्रप्स १ सय ८१ प्रो र बोट स्टोन ३ सय ५२ मार्बल सिरिजमा ५० प्रतिशत छुट प्रदान गरेको छ । त्यस्तै राइड हेलिङ प्लेटफर्म टुटलले क्यान इन्फोटेकमा आउने अवलोकनकर्ताका लागि बाइक र क्याब दुवैमा ६० प्रतिशत छुट प्रदान गरेको छ । एस पावर बीपीई प्राइभेटले नेपालका शैक्षिक संघसंस्थाका लागि उपयोगी हुने स्मार्ट बोर्डसहित यूपीएस, अटोमेटिक भोल्टेज रेगुलेटर, वाटरपम्प लगायतका प्रविधिहरूको विशेष प्रदर्शनी गरिरहेको छ । यी उत्पादनमा क्यान इन्फोटेक अवधिभर कम्पनीले अधिकतम ४० प्रतिशतसम्म छुट घोषणा गरेको छ ।

त्यस्तै, विभिन्न कम्पनीले विश्वविख्यात नेटवर्किङ प्रडक्टहरू, वायरलेस क्यामेरा, सीसीक्यामेरा, स्मार्ट बोर्ड तथा अन्य सेक्युरिटी प्रडक्टहरू विशेष छुटसहित प्रदर्शनीमा राखेका छन् । क्यान इन्फोटेकमा स्वदेशी सफ्टवेयर कम्पनीले आफ्ना नयाँ उत्पादन सार्वजनिक गर्नुका साथै क्यान इन्फोटेक अवधिभर ३० प्रतिशतसम्म छुट घोषणा गरेका छन् । प्रदर्शनीमा चर्चित ब्राण्डहरूका एआईमा आधारित डिभाइसमा युवा अवलोकनकर्ताको विशेष चासो देखिएको छ । कम्पनीहरूले यी उत्पादनमा 'क्यान अफर' भन्दै विशेष छुट ल्याएका छन् ।

एआईमा आधारित क्यामेरादेखि ह्युमनाइड रोबोट र सेल्फ ड्राइभिङ कारले यसपालिको क्यान इन्फोटेकको रौनकता थपेको छ । साथै, क्यान इन्फोटेकमै राष्ट्रिय परिचयपत्रको लाइभ इनरोलमेन्ट सुविधा दिइएको छ । क्यान इन्फोटेकमा साइबर सुरक्षा सहायता डेस्कदेखि विद्यार्थीहरूले तयार पारेका डेटा साइन्स, सेन्सर टेक्नोलोजी, आर्टिफिसियल इन्टेलिजेन्स, रोबोटिक्स लगायतका प्रोजेक्ट राखिएका छन् । अर्कोतर्फ कम्प्युटर र एक्सेसरिज लगायतका ब्राण्डले अवलोकनकर्ता आकर्षित गर्न सोही अनुसारका छुट तथा अफर सञ्चालन गरेका छन् । यसअन्तर्गत केही कम्पनीहरूले क्यान इन्फोटेकका अवसमा ल्यापटप, गेमिङ पीसी लगायतका प्रडक्टका लागि फ्रि सर्भसिङ अफर ल्याएका छन् । त्यस्तै, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)ले तयार पारेको सूचना प्रविधिमैत्री बसमा पनि अवलोकनकर्ताको आकर्षण देखिएको छ । आईटी तथा इन्जिनियरिङ विद्यार्थीका लागि लक्षित गरी यस स्मार्ट बसमा एआई कोडिङ क्याम्प समेत सञ्चालन गरिएको छ । क्यान इन्फोटेकमा नेपालको नवीनतम सोच (इनोभेसन) र स्टार्टअपलाई प्राथमिकतामा राखिएको महासचिव चन्द्र विलास भुर्तेलले बताए । १ सय ५५ स्टलसहित सञ्चालन भइरहेको क्यान इन्फोटेक सोमबारसम्म चल्ने छ ।

**UAE मा रोजगार** Chenoth Employment - Sole Proprietorship LLC
पूर्व स्वीकृती मिति: २०८१/१०/२४ चलानी नं. ६०२३२६०८ LT No.: 318397

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. |
|---|---|---|---|---|---|
| १. | Building Labour | 50 | 0 | 800 | 30,800/- |
| २. | Electrician | 50 | 0 | 1200 | 45,600/- |

अन्तरवार्ता २०८१ फागुन ३ गते (15 Feb., 2025) यस प्रा. लि. को कार्यालय कोटेश्वर काठमाडौमा हुनेछ ।

MARHABA INTERNATIONAL OVERSEAS PVT.LTD.
Koteshwor Chowk, Kathmandu, Tel: 01- 5924220, 9841576232, 9808655502, 9763694020, 9801837479, Itahari : 9802757887, Email : overseasmarhaba@gmai.com
Govt Lic. No: 1734/081/082

**जरुरी सूचना**

**प्रथम पटक प्रकाशित मिति -२०८१/१०/२६**

सूचना तथा प्रशारण विभागमा दर्ता नं १०३०/२०७५-०७६ (मिति २०७५/०६/०२) मा दर्ता रहेको क्यापिटल टाउन मिडिया प्रा. लि द्वारा सञ्चालित www.forcedainik.com नामक अनलाइन पत्रिकाको दर्ता खारेज गरिने हुने हुँदा यस अनलाइनसँग सम्बन्धित कुनै श्रमजिवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा सूचना प्रकाशित भएको मितिले (१५ दिन) भित्र यस कम्पनीको ठेगाना गोदावरी नगरपालिका वडा नं ११ स्थित कम्पनीको कार्यालय वा सञ्चालकको मोवाइल नम्बर ९८५१०५२५७० वा email – forcedainik @gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने व्यहोरा अनुरोध छ ।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१०/२६**

डडेल्धुरा जिल्लामा रहेका तपसिल बमोजिमका सा.व.उ.स को वन क्षेत्रबाट आ.व. ०८१/८२ मा उत्पादन भई तपसलिमा उल्लेखीत घाटगद्दीमा राखिएको तपसिल बमोजिमको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुटा छुट्टै बोलपत्र खरीद गरी २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागी सम्बन्धित सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**तपशिल**

| सि.नं. | सामुदायिक वनको नाम/ठेगाना | लिलाम बिक्री गर्नि वन पैदावार को विवरण | | | |
|---|---|---|---|---|---|
| | | जात | गोलिया थान | परिमाण (क्यू.फिट) | घाटगद्दी स्थान |
| १ | वेताल सा.व.उ.स भागेश्वर ५ | सल्ला | ३०४ | ३७३९।५१ | रुपाल बगर कोट सडक |

# चितवन दुग्ध उत्पादक सहकारी संघ र प्रभु बैंकबीच सम्झौता




**काठमाडौं/मस –** चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघ लिमिटेड र प्रभु बैंक लिमिटेडबीच सम्झौता भएको छ । किसानलाई लक्षित गरी कर्जा प्रवाह गर्ने विषयमा दुई पक्षबीच समझदारी भएको हो ।

सम्झदारी पत्रमा चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडका अध्यक्ष किशोर बगाले र प्रभु बैंकका प्रदेश प्रमुख सांग्रिला श्रेष्ठले हस्ताक्षर गरे । चितवनको भरतपुरस्थित चितवन प्रदर्शनी केन्द्रमा शुक्रबारदेखि सुरु भएको प्रथम राष्ट्रिय प्रदर्शनीमा दुई पक्षबीच सम्झौता भएको हो ।

प्रदर्शनीको उद्घाटन कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले गरेका थिए । चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघ र चितवन उद्योग संघले संयुक्त रूपमा आयोजना गरिएको प्रदर्शनीमा दुग्ध उत्पादनसम्बन्धी ५२ प्रदर्शनीकक्ष समावेश गरिएको छ । प्रदर्शनी आगामी आइतबार समापन हुनेछ ।

# महिला टी- २० शृंखलाको उपाधि थाइल्यान्डलाई, नेपाल जितविहीन

**काठमाडौं/मस-** महिला टी-२० श्रृंखलाको थाइल्यान्डले जितेको छ। अन्तिम खेलमा नेपाललाई सात विकेटले पराजित गरेसँगै थाइल्यान्डले उपाधि चुमेको हो। थाइल्यान्ड श्रृंखलामा खेलेका ६ खेलमध्ये पाँचमा जित तथा एकमा हार बेहोर्दै १० अंकका साथ शीर्ष स्थानमा रह्यो। यस्तै नेदरल्यान्ड्स ६ खेलमा चारमा जित तथा दुईमा हार व्यहोर्दै आठ अंकका साथ दोस्रो स्थानमा रह्यो। नेपाल भने प्रतियोगितामा अंकबिहीन रह्यो। नेपाल आफ्ना सबै ६ खेलमा पराजित रह्यो।




नेपालले आफ्नो अन्तिम खेलमा थाइल्यान्डलाई जितका लागि ८२ रनको लक्ष्य दिएको थियो। कीर्तिपरस्थित त्रिवि क्रिकेट मैदानमा नेपाली टोलीकी कप्तान इन्दु बर्माले टस जितेर पहिला ब्याटिङ रोजेकी थिइन्। नेपालले निर्धाति २० ओभरमा सात विकेट गुमाएर ८१ रन बनायो। नेपालका लागि सम्झना खड्काले १७, कविता जोशीले १४, राजमती ऐरीले अविजित ११ तथा कप्तान इन्दु बर्माले १० रन बनाइन्।

बलिङतर्फ थाइल्यान्डकी ओनिचा कामचोम्फुले तीन तथा चानिदा सुत्थीरुआंग, नाट्टाया बुचाथम र सुलेपोर्न लाओमीले समान एक एक विकेट लिइन्।

८२ रनको विजयी लक्ष्य थाइल्यान्डले १७ ओभरमा तीन विकेट गुमाएर पूरा गर्यो। थाइल्यान्डका लागि कप्तान नारुइमोल चाइवाईले अविजित २७, नान्नापत खोन्चरोएन्कले २३ तथा नाट्टाया बुचाथमले ११ रन बनाइन्। बलिङतर्फ नेपालका लागि कप्तान इन्दु बर्माले दुई तथा पुजा महतोले एक विकेट लिइन्।

नेपाल यसअघि नेदरल्यान्ड्ससँग २० रन, १५ रन र १० विकेटले तथा थाइल्यान्डसँग चार विकेट र पाँच रनले पराजित भएको थियो।

## अर्जुन ट्रफी क्रिकेट
# सेमिफाइनल समीकरण पूरा




**कैलाली/मस-** कैलालीको धनगढीमा जारी अर्जुन ट्रफी राष्ट्रिय क्रिकेट प्रतियोगिताको सेमिफाइनल पुग्ने सबै टोलीको टुंगो लागेको छ। समूह चरणको अन्तिम खेलमा सीबाइसी अत्तरियाले न्यू होराइजन बुटवललाई पराजित गरेसँगै अन्तिम चारमा पुग्ने टोलीको टुंगो लागेको हो। शुक्रबारको खेलमा पराजित भए पनि बुटवल समान दुई अंक रहेका बैतडी र काठमाडौंलाई रनरेटमा पछाडि पार्दै अन्तिम चारमा पुगेको छ।

यसअघि नै अत्तरिया, फ्रेन्ड्स युथ क्लब डडेल्धुरा र डीसीए धनगढी अन्तिम चारमा पुगिसकेका थिए। अब सेमिफाइनलमा समूह 'ए' को विजेता डडेल्धुराले समूह 'बी' को उपविजेता बुटवलसँग शनिबार खेल्ने छ। त्यसैगरी समूह 'ए' को उपविजेता धनगढीले समूह 'बी' को विजेता अत्तरियासँग आइतबार खेल्ने छ।

शुक्रबार भएको समूह चरणको अन्तिम खेलमा अत्तरियाले बुटवललाई ७८ रनको फराकिलो अन्तरले पराजित गर्‍यो। एक सय ८९ रनको लक्ष्यसहित मैदान उत्रिएको बुटवलले २० ओभरमा आठ विकेट गुमाउँदै एक सय १० रन मात्रै बनाउन सक्यो। उसका लागि प्रतीक श्रेष्ठले १८, तुलबहादुर थापाले १७ र वीर मगरले १५ रन जोडे। अत्तरियाका राशिद खान, विवेक यादव र सहाब आलमले समान दुई-दुई विकेट लिए। कमल गुप्ता र दिपेश कँडेलले एक-एक विकेट लिए।

त्यसअघि फाप्ला मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको अत्तरियाले २० ओभरमा पाँच विकेट गुमाउँदै एक सय रन बनाएको थियो। अत्तरियाका भीम सार्की र विवेक यादवले अर्धशतकीय पारी खेले। सार्कीले ३९ बलमा ५८ तथा यादवले ३८ बलमा ५१ रन बनाए। यादव खेलका म्यान अफ द म्याच भए। त्यसैगरी शंकर रानाले ३१ तथा कप्तान सन्तोष कार्कीले २३ रन जोडे। बुटवलका निर्मल गुरुङले दुई तथा वीर मगर, तुलबहादुर थापा र बिपर्सन केसीले एक-एक विकेट लिए।

गो ड्रिमर्सको आयोजना तथा नेपाल क्रिकेट संघको वार्षिक क्यालेण्डरअनुसार भइरहेको प्रतियोगिता यही माघ २८ गतेसम्म सञ्चालन हुनेछ। प्रतियोगिताको विजेताले नगद रु १० लाख र उपविजेताले नगद रु पाँच लाखसहित ट्रफी पाउनेछन्। प्रतियोगिताको सर्वोकृष्ट खेलाडीलाई नगद रु एक लाख प्रदान गरिनेछ।

# कोशी प्रदेश खेलकुद विकास बोर्डले खेलकुद महोत्सव गर्दै




**विराटनगर/मस-** कोशी प्रदेश खेलकुद विकास बोर्डले कोशी प्रदेश खेल महोत्सव- २०८१ आयोजना गर्ने भएको छ। शुक्रबार विराटनगरस्थित बोर्ड कार्यालयमा बसेको बोर्डको २६औं बैठकले विराटनगरमा फागुन १३ देखि १८ गतेसम्म खेल महोत्सव आयोजना गर्ने निर्णय गरेको हो।

कोशी प्रदेशका सामाजिक विकासमन्त्री तथा बोर्डका अध्यक्ष पाँचकर्ण राईको अध्यक्षतामा बसेको बैठकले महोत्सवमा बोर्डले वार्षिकरूपमा आयोजना गने विभिन्न प्रदेशस्तरीय खेलकुद प्रतियोगिता गर्ने निर्णय गरेको बोर्डका सदस्य सचिव कृष्ण बस्नेत (पर्शुराम)ले बताए। उनले खेल महोत्सव आयोजना गर्न बोर्ड बैठकले सामाजिक विकासमन्त्री राईको नेतृत्वमा ६१ सदस्यीय मूल समारोह समिति र विभिन्न उपसमिति समेत गठन गरेको समेत जानकारी दिए।

खेल महोत्सव अन्तर्गत बोर्डले प्रदेशस्तरीय महिला फुटबल, महिला तथा पुरुष दौड, महिला तथा पुरुष कब्बड्डी, भेट्रान बाघचाल, महिला तथा पुरुष टेबलटेनिस, महिला तथा पुरुष बुद्धिचाल, महिला तथा पुरुष कराते, महिला तथा पुरुष तेक्वान्दो र पुरुष सफ्टटेनिस र डोरीतानलगायतको खेलकुद प्रतियोगिता आयोजना गर्नेछ।


## आफन्त बचत तथा ऋण सहकारी संस्था लि
का.म.न.पा. वडा नं.-३१, मिनभवन, काठमाडौं, सम्पर्क- ०१४१०६५३२

**कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१।१०।२६

यस सहकारी संस्थाबाट तपाईं सदस्य ऋणीले तपसिलमा उल्लेखित धितो राखी लिनुभएको कर्जा र यस संस्थासँग गर्नु भएको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याजसमेत संस्थाको लेना रकम नतिरी संस्थासँग गर्नुभएको शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले तपाईंलाई संस्थाको नियम अनुसार पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत संस्थाको कर्जा रकम चुक्ता नभएकोले यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस सहकारी संस्थामा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा ब्याज लगायत संस्थाको लेना रकम चुक्ता गर्नु होला।अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा संस्थाको विनियम र यस सहकारी संस्थासँग गर्नुभएको लिखत सम्झौता बमोजिम कारबाही गरी लेना रकम असुल उपर गरिनेछ। साथै कर्जामा धन-जमानी दिनु हुने धन जमानीकर्ताहरुलाई पनि यसै सूचनाबाट जानकारी लिनु भई कर्जा भुक्तानी गर्न गराउन हुन सूचित गरिन्छ।

| क्र.सं. | ऋणीको नाम, ठेगाना | धितो विवरण |
|---|---|---|
| १. | नाम : शोभा कार्की<br>बुबा : विष्णु बहादुर खड्का<br>पति : गोविन्द बहादुर कार्की<br>स्थायी ठेगाना: सुन्दरपुर गा.बि.स./न.पा. वडा नं. ४, उदयपुर, नेपाल<br>नागरिकता नं.: १२८२९, उदयपुर<br>सम्पर्क नं.: ९८४१२८७२३४<br> | मा.पो.का. सप्तरीमा निज शोभा कार्कीका नाममा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला भरुवाखाल गा.बि.स./न.पा. वडा नं. ७ ख, कि.नं. ५४ क्षे.फ.- ०-११-१२ जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.................................. |

## साउदीमा रोजगार
कम्पनी : EXCITING LAMAH CAR SERVICES EST — शहर : DAMMAM
पुर्व स्वीकृत मिति: २०८१/१०/२४ — चलानी नं.: ६०२३२५८९ — LT. No.: 318379

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Washing | 1 | 0 | स. काममा दक्ष | 1000 | ३७,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन ३ गते (15 February 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**एस.एल.डी ईन्टरनेशनल प्रा.लि.** श्रम इजाजत नं. ६७२/०६३/६४
बसुन्धरा चौकी, धापासी, काठमाडौं, फोन नं. ०१- ५९०२८२४, ५९०२८२५ मो.:९८५१०४७३६५, ९८१८६२८४४८.

## युएईमा रोजगार
कम्पनी: PROFILE RECRUITMENT-SOLE PROPRIETORSHIP LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०१/२६ — चलानी नं.: ६०२१९२२० — L.T. No.:304448 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 41 | 0 | स. काममा दक्ष | 800 | २९,६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन ३ गते (15 February 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Al Zahra Human Resources Consultancy Private Limited** Gov. Lic No.: 1657/080/081
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 01-4586369, Mob.: 9810003423, 9704414954
Email: alzahranepal@gmail.com, Web.: www.alzahrahr.com

## UAE मा रोजगार
कम्पनी: MAGNUM SECURITY SERVICES — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/१०/२४ — चलानी नं.:६०२३२६१० — LT. No.: 318400

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
